# प्रभाव दैनिक
National Daily


इ-पेपरका लागि

वर्ष १२ | अंक ३५० | काठमाडौं | आइतबार, ६ वैशाख २०८३ | Prabhab National Daily | Sunday, 19 April 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## निजी सञ्चारमाध्यमलाई विज्ञापन रोक्ने वालेन्द्र सरकारको निर्णयविरूद्ध प्रदेश सरकार

### कर्णाली र गण्डकी सरकारले निजीलाई पनि विज्ञापन दिने

- कर्णाली र गण्डकी प्रदेश सरकारले निजी सञ्चारमाध्यमलाई समेत लोक कल्याणकारी विज्ञापन प्रकाशन र प्रसारण गर्न दिने
- संघीयताको मर्मविपरीत संघीय सरकारबाट निजी सञ्चारमाध्यमलाई विज्ञापन नदिन जारी गरेको निर्देशन कार्यान्वयनमा चुनौती
- निजी सञ्चारमाध्यमको घाँटी निमोठ्ने वालेन्द्र सरकारको निर्णय सच्याउन चौतर्फी दबाब
- सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन/प्रसारण गर्ने निर्णयविरूद्धको रिट सर्वोच्चमा विचाराधीन


कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या:२०८२/८३/(सूचना शाखा) च.नं.: २८७० मिति: २०८३।०१।०४

विषय: जानकारी सम्बन्धमा।

श्री सञ्चार माध्यम (लोक कल्याणकारी विज्ञापन प्रकाशनका लागि आवेदन पेस सबै),
कर्णाली प्रदेश।

कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम लोक कल्याणकारी विज्ञापन वितरणका लागि अनलाइन आवेदन माग गरिएकोमा यस कार्यालयको मिति २०८३।०१।०३ गतेको (सचिवस्तर) को निर्णयानुसार विद्युतीय प्रणाली मार्फत प्राप्त आवेदन मध्ये सर्त पुरा गरेका अनलाइन ५९, पत्रपत्रिका २२, रेडियो एफएम ३०, टिभी २ वटा गरी जम्मा ११३ वटा सञ्चार माध्यमको आवेदन लोककल्याणकारी विज्ञापन वितरणका लागि स्वीकृत भएको र स्वीकृत भएका सञ्चार माध्यमहरूले २०८३ वैशाख ४ गतेदेखि १० गतेसम्म सम्झौता गरी विज्ञापन प्रकाशन प्रसारण गर्नुपर्ने भएकोले उक्त समयावधि भित्र सम्झौता गर्नको लागि अनुरोध गरिन्छ।

०१।०४
ज्योती शाही
कम्प्युटर अधिकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** संसद्मा प्रतिपक्षी दल कमजोर भएको र प्रतिपक्षीय भूमिकामा रहने मिडिया जगतलाई पनि कमजोर पार्ने मनसायले वालेन्द्र शाह नेतृत्वको सरकारले गरेको सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिने निर्णयविरुद्ध एकपछि अर्को प्रदेश सरकार उभिएका छन् ।

संघीयताको मर्मलाई कुल्चँदै प्रदेश र स्थानीय तहको विज्ञापनमासमेत 'सिण्डिकेट' लगाउन संघीय सरकारले गरेको निर्णय अवज्ञा गर्न थालिएको हो । यसको सुरुवात कर्णाली र गण्डकी प्रदेशबाट भएको छ । यी दुई प्रदेश सरकारले लोक कल्याणकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई समेत दिने निर्णय गरेका छन् ।

कर्णालीको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले कर्णाली प्रदेश विज्ञापन वितरणसम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम लोक कल्याणकारी विज्ञापनका लागि यही वैशाख १० गतेभित्र सम्झौता गर्न स्थानीय सञ्चारमाध्यमलाई बोलाएको छ । कार्यालयकी कम्प्युटर अधिकृत ज्योती शाहीले विज्ञापनका लागि आवेदन स्वीकृत गरेको...

क्रमशः पृष्ठ २ मा

**कांग्रेसभित्रको शक्ति संघर्षमा नयाँ मोड**

## रणनीतिक विकल्प पहिल्याउँदै देउवापक्ष

- विशेष महाधिवेशनलाई आधिकारिकता दिने सर्वोच्चको आदेश स्वीकार्ने
- यसअघि जारी राखेको समानान्तर गतिविधि अब नहुने संकेत
- देउवापक्षलाई समेटेर अगाडि बढ्न सभापति थापापक्षले अधिकतम लचकता अपनाउने




■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवापक्ष रणनीतिकरूपमा विकल्प खोज्ने दिशामा उन्मुख भएको छ । सर्वोच्च अदालतले नेपाली कांग्रेसको आधिकारिकता विवादमा गगनकुमार थापा नेतृत्वलाई वैधानिकता दिएपछि देउवापक्षले सम्भावित विकल्पहरू पहिल्याउने भएको हो ।

देउवानिकट नेता मीन विश्वकर्माले सर्वोच्चको आदेश 'अपेक्षाविपरीत' भएको तर स्वीकार्ने बताए । यद्यपि, अब कसरी अगाडि बढ्ने भन्ने विषयमा समूहमा थप छलफल गर्ने बताए । शनिबार नेता पूर्णबहादुर खड्का निवास गोल्फुटारमा देउवा समूहको बैठक बस्यो । बैठकपछि नेता विश्वकर्माले भने, 'निरन्तर बैठक बस्दै जाने र देशका विभिन्न ठाउँबाट आउनुभएका साथीहरू, विभिन्न पदमा रहेका साथीहरू सबैको सुझाव र परामर्शलाई पनि सुन्ने र कसरी अगाडि बढ्ने एउटा निष्कर्षमा पुग्छौं ।'

यसअघि पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्का नै भएको दाबी गर्दै आएकोमा सर्वोच्चको आदेशपछि निवर्तमान कार्यवाहक सभापति भएको बताउँदै उनले अब समानान्तर गतिविधि नहुने संकेत गरे । पार्टी एकताबद्ध पार्नुपर्ने चिन्ता रहेको भन्दै सबै पक्ष (सभापति थापा) जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

सर्वोच्चले देउवापक्षको रिट शुक्रबार खारेज गर्दै थापा नेतृत्वलाई मान्यता दिएपछि तीन महिनादेखिको आधिकारिकता विवाद टुंगिएको छ । तर, राजनीतिकरूपमा यो अन्त्य नभई नयाँ संघर्षको सुरुवात हुन सक्ने विश्लेषण पनि भइरहेको छ । विगतमा देउवाले तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालासँग गहिरो मतभेद हुँदा नेपाली कांग्रेस (प्रजातान्त्रिक) गठन गरेका थिए ।

क्रमशः पृष्ठ २ मा



निरन्तर बैठक बस्दै जाने र देशका विभिन्न ठाउँबाट आउनुभएका साथीहरु, विभिन्न पदमा रहेका साथीहरु सबैको सुझाव र परामर्शलाई पनि सुन्ने र कसरी अगाडि बढ्ने एउटा निष्कर्षमा पुग्छौं ।

■ **मीन विश्वकर्मा**
नेता, नेपाली कांग्रेस (देउवापक्ष)



कांग्रेस सबैको हो र यो मान्यतालाई स्थापित गर्ने सन्दर्भमा हामी अत्यधिक लचकता अपनाउँछौं र पार्टीलाई केन्द्रमा राखेर अघि बढ्ने छौं ।

■ **देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस

**सन्दर्भः वैदेशिक रोजगार**

## विज्ञापनमा कार्यालयको विवरण खुलाउन इजाजतप्राप्त संस्थालाई विभागको निर्देशन

■ प्रभाव सम्वाददाता




**काठमाडौं–** वैदेशिक रोजगारीको विज्ञापन प्रकाशन गर्दा इजाजतप्राप्त संस्थाले आफ्नो कार्यालयको विवरण र सम्पर्क हुने नम्बर खुलाउनुपर्ने भएको छ । वैदेशिक रोजगार विभागले शुक्रबार सूचना जारी गर्दै पत्रपत्रिकामा प्रकाशित विज्ञापनका आधारमा आवेदन दिन चाहने व्यक्तिले सम्पर्क गर्नसक्ने गरी विवरण खुलाउन संस्थाहरूलाई निर्देशन दिएको हो ।

वैदेशिक रोजगारीमा श्रमिक पठाउने इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)ले श्रमिक माग गरी राष्ट्रियस्तरको दैनिक पत्रिकामा विज्ञापनको सूचना प्रकाशन गर्नुपर्ने प्रावधान छ । साथै, उक्त जानकारी विभागमा पठाउनुपर्छ । यस्तो सूचनामा स्पष्ट रूपमा संस्थाको आधिकारिक सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर एवं स्थान तोकिएको हुनुपर्ने भए पनि आवेदन दिन चाहनेहरूले सम्पर्क गर्न नसकेको गुनासो प्राप्त भएको विभागले जनाएको छ । यसप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको भन्दै विज्ञापनको सूचनामा आधिकारिक सम्पर्क व्यक्तिको नाम सम्पर्क नम्बर एवं सम्पर्क स्थान स्पष्ट खुलाउन निर्देश दिइएको छ ।

साथै, वैदेशिक रोजगारीको मागपत्रमा पूर्वस्वीकृति आवेदन गर्दा अनिवार्यरूपमा सम्पर्क व्यक्तिको नाम, नम्बर एवं स्थान खुलाउन पनि भनेको छ । नियम पालना नगर्ने संस्थालाई कानुनबमोजिम कारबाही गरिने विभागले स्पस्ट पारेको छ ।

## सन् २०२५ मा श्रमिकमाथि ७४७ वटा दुर्व्यवहारका घटनाः बिएचआरसी

■ प्रभाव सम्वाददाता

**काठमाडौं–** सन् २०२५ मा आप्रवासी श्रमिकमाथि ७४७ वटा दुर्व्यवहारका घटना भएको बिजनेस एण्ड ह्युमन राइट्स सेन्टर (बिएचआरसी)ले जनाएको छ । उक्त संस्थाले २०२५ जनवरी १ देखि २०२५ डिसेम्बर ३१ को बीचमा विश्वव्यापीरूपमा ७४७ वटा दुर्व्यवहारका घटना दर्ता भएका जनाएको छ ।

बिएचआरसीका अनुसार सबैभन्दा धेरै देखिएका दुर्व्यवहारमा रोजगारीसम्बन्धी मापदण्ड उल्लंघन र पेसागत स्वास्थ्य तथा सुरक्षासम्बन्धी नियम उल्लंघन रहेको जनाइएको छ । दुर्व्यवहारबाट कम्तीमा ९८ जनाको मृत्यु भएको थियो । साथै, ४७ प्रतिशत घटनामा कामदारले एकै समयमा तीन वा सोभन्दा बढी प्रकारका मानवअधिकार उल्लंघनको सामना गरेको जनाइएको छ । यस्ता घटनाहरू विश्वका सबै क्षेत्रमा घटेका जनाइएको उल्लेख गरिएको छ । जसअन्तर्गत जर्मनीमा भारतीय गिग कामदारलाई धम्की र आक्रमण गरिएको, साउदी अरबको अरामको साइटमा सयौं दक्षिण एसियाली कामदारको महिनौंको ज्याला नदिएको तथा रूसी सेनाका लागि हतियार निर्माण गर्न लगभग ३० वटा देशका श्रमिकमाथि भएको उत्पीडन र बेचबिखन रहेको उक्त संस्थाले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा


**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# एकद्वार सेवा प्रणाली लागू गर्न गृह मन्त्रालयको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौ बुँदे निर्देशन जारी गरेको छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले दिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि त्यस्तो निर्देशन गरेको हो ।

मन्त्रालयले जारी गरेको परिपत्रमा चालु आवमै विद्यमान बजेटबाट नै एकद्वार सेवा प्रणाली लागू गर्न आवश्यक प्रबन्ध गर्दै आगामी आवका लागि सुधार कार्य गर्न आवश्यक न्यूनतम बजेट माग गर्न पनि भनिएको छ ।

प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रचलित कानुनबमोजिम जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्दै जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता, सुशासन सुदृढीकरण तथा विकास व्यवस्थापनमा सहजीकरणजस्ता महत्त्वपूर्ण प्रशासकीय भूमिका निर्वाह गर्नुपर्ने भूमिकासमेत गृह मन्त्रालयले स्मरण गराइएको छ ।

उक्त निर्देशनमा गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेको दिन मन्त्रालय र अन्तर्गतका निकाय मूलतः जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरू एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट गत चैत १३ गते स्वीकृत शासकीय सुधारका एक सय कार्यसूचीमा सार्वजनिक सेवा प्रवाहमा नागरिकको विश्वास जित्ने गरी गुणात्मक सुधार, सुशासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रणसमेतका विषयलाई केन्द्रबिन्दुमा राखेर कार्यसम्पादन गर्नुपर्नेलगायत विषय उल्लेख रहेको छ ।

मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार गरिएको निर्देशनमा भनिएको छ, 'जिल्ला प्रशासन कार्यालयबाट प्रवाह भइरहेका सेवाहरूलाई सुधार गरी जनताको अपेक्षाअनुरूप सहज र सेवाग्राहीमैत्री बनाउने सिलसिलामा हाल कतिपय जिल्लामा कार्यान्वयनमा ल्याइएका सृजनात्मक तथा नवप्रवर्द्धनात्मक उपायहरू जस्तै टोकन प्रणाली, नागरिक सुनुवाइ प्रणाली, नयाँ नागरिकताको अनलाइन सिफारिस, निःशुल्क सहायता कक्षलगायतका सुधारलाई थप व्यापक र संस्थागत गर्दै गृहमन्त्रीको निर्देशन र एकसय कार्यसूचीको मूल भावनाअनुरूप सुधारका कार्यलाई तत्काल अगाडि बढाउने सिलसिलामा 'एकद्वार सेवा प्रणाली' यथाशीघ्र लागू गर्न आवश्यक छ ।'

नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र र नाबालक परिचयपत्रसम्बन्धी सेवाका लागि उपयुक्त सेवाकक्ष तयार गरी सेवाग्राहीमैत्री बनाउन भनिएको छ । त्यस्तै, सेवाको कार्य प्रारम्भ गर्नेदेखि स्वीकृत गर्ने तहसम्मका सबै कर्मचारीले सकेसम्म एकैकक्षबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ ।

मन्त्रालयले निर्देशनमा संघसंस्था दर्ता तथा नवीकरण, हातहतियार नवीकरण तथा कागजात प्रमाणीकरणका कार्य कार्यबोझ र कर्मचारीको उपलब्धताका आधारमा उपयुक्त सेवा कक्षको प्रबन्ध गर्न, सेवाग्राहीलाई यथासम्भव प्रतीक्षा/विश्राम कक्षमा बस्ने व्यवस्था गरी पारदर्शी तवरले सेवा प्रवाह गर्न भनेको छ ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सम्भव भएसम्म अनलाइन प्रणालीमार्फत नै सेवा प्राप्त गर्नसक्ने सम्बन्धमा ध्यान दिई सुधारका काम कारबाही अगाडि बढाउन भनिएको छ ।

सेवाग्राहीको चाप एवं आवश्यकताका आधारमा टोकन प्रणाली लागू गर्न एवं कार्यालय प्रवेश गर्नेबित्तिकै सहज पहुँच हुने स्थानमा कर्मचारी र कम्प्युटरसहितको सहायता कक्ष राख्न निर्देशन दिइएको छ। सहायता कक्षमा जिल्ला प्रशासन कार्यालयको सेवासम्बन्धी विषयवस्तु बुझेको कर्मचारीलाई मात्र राख्ने र हेल्प डेस्क बिहान ९:०० बजे अनिवार्य रूपमा खोल्ने व्यवस्था मिलाउन भनिएको छ।

सेवाग्राहीलाई निवेदन लेख्न/विवरण भर्न सहजीकरण गर्ने व्यवस्था मिलाउन, सहायता कक्षमा कागजातको प्रारम्भिक परीक्षण गरेर टोकन दिने र कागजात नपुगेको सेवाग्राहीलाई के-के पुगेन स्पष्ट गरी टिपोट दिनका लागि पनि सहायता कक्ष आवश्यकता औंल्याइएको छ। त्यसैगरी कार्यकक्षमा सेवाग्राहीको चापअनुसार फ्रन्ट डेस्कका कर्मचारीले सेवाग्राहीलाई कार्यकक्षमा नै पठाउने वा प्रतीक्षालयमा राख्ने व्यवस्था मिलाउन एवं ज्येष्ठ नागरिक, बिरामी, अशक्त, अपांगता भएका व्यक्ति, सानो बच्चासहितका सेवाग्राहीलाई फ्रन्ट डेस्क वा सहायता कक्षका कर्मचारीले सेवामा प्राथमिकता प्रदान गर्न पनि भनिएको छ ।

पृष्ठ १ बाट क्रमशः

## रणनीतिक...

उनी विद्रोही नेता हुन् । उनको पक्षमा अझै एउटा समूह छ, जसको नेतृत्व शुक्रबारसम्म नेता खड्काले गरे । उनलाई कारबाही गर्ने तयारीस्वरूप पार्टीको अनुशासन समितिले सात दिने स्पष्टीकरण सोधिसकेको छ ।

कारबाही गरे पार्टी एकताबद्ध हुने सम्भावना न्यून हुने कतिपयको भनाइ छ । उसो त सर्वोच्चको आदेशपछि देउवापक्षभित्र पनि दुई धार देखिएको छ। एकथरी नेताहरू अदालतको निर्णय मान्नुपर्ने र पार्टीमा एकताबद्ध भएर अगाडि बढ्नुपर्ने भनिरहेका छन् । त्यसका लागि केन्द्रीय समितिमा सम्मानजनक रूपमा देउवापक्षको सम्बोधन र जिम्मेवारी के हुने ? त्यसबारे पार्टी सभापति थापासँग संवाद गर्नुपर्ने उनीहरूको भनाइ छ । यो पार्टीमा समायोजन हुने विकल्प भयो । यो विकल्प सबैभन्दा व्यावहारिक मानिएको छ, जसले पार्टी विभाजनको जोखिम घटाउँछ र दीर्घकालीनरूपमा शक्ति पुनः प्राप्त गर्ने अवसर दिन्छ।

विश्लेषकहरूका अनुसार देउवापक्षको दोस्रो विकल्प आन्तरिक प्रतिपक्षको रूपमा रहने हुन सक्छ । विगतमा नेकपाको आधिकारिकतासम्बन्धी विवादमा न्यायिक निरूपण गर्दै सर्वोच्चले एमाले र नेकपा माओवादी केन्द्र ब्युँताएपछि नेकपा हुँदा पुष्पकमल दाहालपक्षमा उभिएको माधवकुमार नेपाल पक्ष एमालेमै फर्किएको थियो । त्यहाँ नेपालपक्षले पार्टी अध्यक्ष केपी शर्मा ओलीपक्षलाई निर्णय प्रक्रियामा दबाब सिर्जना गर्ने र संगठनभित्र समानान्तर गतिविधि बढाएका थिए ।

अन्ततः एमालेबाट नेपालपक्ष अलग भयो । यदि गगनपक्षले देउवा समूहलाई पर्याप्त स्थान नदिए वा समेट्ने प्रयास कमजोर रह्यो भने देउवापक्ष कांग्रेस पार्टीभित्रै असन्तुष्ट धारको रूपमा सक्रिय हुन सक्ने विश्लेषकहरू बताउँछन् । यस अवस्थामा उनीहरूले एमालेमा छँदा नेपालपक्षले जसरी निर्णय प्रक्रियामा दबाब सिर्जना गर्ने, संगठनभित्र समानान्तर प्रभाव विस्तार गर्ने र कार्यकर्तामाझ आफ्नो पकड बलियो बनाउने रणनीति अपनाउन सक्छन् । यस्तो अवस्था दीर्घकालीनरूपमा पार्टीभित्र गुटगत ध्रुवीकरण बढाउने कारक बन्न सक्छ ।

तेस्रो विकल्प भने विभाजनको हो । यद्यपि, तत्काल यो सम्भावना कमजोर देखिने बताइन्छ। विशेष महाधिवेशनलाई अस्वीकार गर्ने अडान, नेतृत्वलाई नमान्ने सार्वजनिक अभिव्यक्ति र वैकल्पिक संरचना निर्माणको प्रयासले चरम अवस्थामा पार्टी फुटसम्म पुग्न सक्ने जोखिम रहने टिप्पणी भइरहेको छ। तर, देउवा पक्षधर नेताहरूले अहिलेसम्म संवाद र एकताको सम्भावना खुला राखेकाले यो विकल्प अन्तिम अवस्थामामात्र प्रयोग हुने आकलन गरिएको छ।

यता सभापति थापापक्षले भने देउवापक्षप्रति अधिकतम लचकता अपनाउने जनाएको छ । प्रवक्ता देवराज चालिसेले देउवापक्षलाई समेटेर जाने बताउँदै भने, 'कांग्रेस सबैको हो र यो मान्यतालाई स्थापित गर्ने सन्दर्भमा हामी अत्यधिक लचकता अपनाउँछौं र पार्टीलाई केन्द्रमा राखेर अघि बढ्नेछौं ।'

गत वर्षको पुस अन्तिम साता विशेष महाधिवेशन गरेर तत्कालीन महामन्त्री गगन थापा सभापति भएका थिए । उनले त्यसबेला सभापति रहेका शेरबहादुर देउवालाई अपदस्त गरे । यसपछि देउवापक्ष निर्वाचन आयोग हुँदै सर्वोच्च अदालत पुग्यो । दुवैले थापा नेतृत्वलाई मान्यता दिएको हो । यस्तोमा देउवापक्ष तत्कालका लागि अन्योलपूर्ण अवस्थामा देखिएको हो ।

■■■

## निजी...

भन्दै शुक्रबार गरेको पत्राचारमा भनिएको छ, 'कर्णाली प्रदेश विज्ञापन वितरणसम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम लोककल्याणकारी विज्ञापन वितरणका लागि अनलाइन आवेदन माग गरिएकोमा यस कार्यालयको मिति २०८३ वैशाख ३ गतेको सचिवस्तरीय निर्णयानुसार विद्युतीय प्रणालीमार्फत आवेदन दिएकामध्ये सर्त पूरा गरेका ११३ सञ्चारमाध्यमको आवेदन लोक कल्याणकारी विज्ञापन वितरणका लागि स्वीकृत गरिएको छ ।'

उक्त पत्रमा निजी सञ्चारमाध्यमहरूलाई सरकारी विज्ञापन प्रकाशन-प्रसारणका लागि यही वैशाख १० गतेभित्र सम्झौता गर्न आग्रह गरिएको छ। प्रदेश सरकारको यो कदमले लोकतन्त्रको मेरुदण्ड मानिने सञ्चारमाध्यमको आयस्रोत नै बन्द गर्न उद्धत प्रधानमन्त्री शाहको निर्णय कार्यान्वयनमा चुनौती दिएको छ ।

हालै प्रधानमन्त्री शाहसँग कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय गलत भएको भन्दै आफ्नो प्रदेशले नमान्ने बताएका थिए । लगत्तै लोककल्याणकारी विज्ञापनका लागि सम्झौता गर्न निजी सञ्चारमाध्यमहरूलाई आह्वान गरिएको हो ।

गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघीय सरकारले प्रदेश र स्थानीय तहलाई आफ्नो एउटा प्रशासनिक एकाइजस्तो व्यवहार गरेको आरोप लगाउँदै संघीयताको मर्मविपरीत निजी सञ्चारमाध्यमलाई विज्ञापन नदिने निर्णय हुनु विडम्बनापूर्ण रहेको बताइसकेका छन् । उनले गत वर्षको २५ चैतमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको निर्णयको चर्को विरोध गर्दै प्रदेश सरकारको स्वायत्ततामाथि प्रहार गरेको बताएका थिए ।

उनले निजी सञ्चारमाध्यमलाई आर्थिकरूपमा घुँडा टेकाउने नियत उक्त निर्णयमा झल्किने पनि बताएका थिए । उनका अनुसार स्वतन्त्र आवाजहरूलाई योजनाबद्धरूपमा कमजोर बनाउने उद्देश्यले प्रधानमन्त्रीले त्यस्तो कदम चालेको टिप्पणी भइरहेको छ ।

सरकार विज्ञापन निजी सञ्चारमाध्यमलाई रोक्ने सरकारको कदमविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भइसकेको छ । उक्त रिटमाथि गत चैत २५ गते भएको सुनुवाइपछि सर्वोच्चले सरकारलाई विज्ञापन रोक्नुको कारण पेस गर्न निर्देशन दिएको थियो । सर्वोच्चले दुवैपक्षलाई चैत ३० गतेका लागि छलफलमा बोलाए पनि उक्त दिन सुनुवाइ हुन सकेन। सञ्चार क्षेत्र सम्बद्ध संस्थाहरू सरकारको सो निर्णयविरुद्ध उभिएका छन्।

आलोचकहरूले प्रधानमन्त्री शाहले लोकप्रियताको आडमा गरेको यो निर्णय लोकतान्त्रिक संस्थाहरूमाथि नियन्त्रण जमाउने प्रयासको एउटा नमूना भएको बताएका छन् । सूचना प्रवाहमा सरकारी सञ्चारमाध्यममा एकाधिकार कायम गर्ने र आलोचनात्मक पत्रकारितालाई निषेध गर्ने दिशातर्फ उन्मुख रहेको पनि टिप्पणी भइरहेको छ ।

उनीहरूको विचारमा निजी सञ्चारमाध्यमहरूलाई सरकारी विज्ञापनबाट वञ्चित गर्नु आर्थिक पक्षको प्रश्नमात्र होइन, यो प्रत्यक्षरूपमा अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रहार हो । आर्थिक स्रोत खोसिएपछि धेरै मिडिया संस्थाहरू बन्द हुने वा सरकारअनुकूल सामग्रीमात्र प्रकाशन गर्न बाध्य हुने खतरा रहन्छ । यसले स्वतन्त्र पत्रकारिताको अस्तित्व नै संकटमा पार्ने चिन्ता प्रकट भइरहेको छ ।

सञ्चारकर्मीहरू र पत्रकार संगठनहरूले पनि वालेन्द्र सरकारको कदमलाई 'अस्वीकार्य र खतरनाक' भन्दै आन्दोलनको चेतावनी दिएका छन् ।

■■■

## सन् २०२५ मा...

दुर्व्यवहारका घटनामध्ये ८० प्रतिशत विकसित देशमा भएको र ९५ प्रतिशत पीडितहरू विकासोन्मुख देशका रहेको पाइएको छ। यी घटनासँग सम्बन्धित ५८४ कम्पनीमध्ये २६७ वटाको मुख्यालय संयुक्त राज्य अमेरिकामा रहेको जनाइएको छ।

श्रमअधिकार उल्लंघन जातीय र पितृसत्तात्मक शक्ति संरचनाहरूमा आधारित रहेको बिएचआरसीको भनाइ छ । धनी मुलुकहरूमा स्थापित भएका बहुराष्ट्रिय कम्पनीहरूले विश्वको सबैभन्दा सीमान्तकृत कामदारबाट ठूलो नाफा कमाए पनि उनीहरूलाई गम्भीर जोखिममा राखेको आरोप लगाइएको छ ।

बिएचआरसीका अनुसार जलवायु संकट, बढ्दो असमानता र बढ्दो द्वन्द्वले श्रमिकहरूका लागि मानवअधिकार जोखिमको जटिलता बढाइरहेको छ । साथै, प्रमुख गन्तव्य देशहरूमा श्रमिकको सुरक्षा घट्दै गएको छ । गन्तव्य मुलुकमा कडा आप्रवासन नीति, श्रम नियमको खुकुलोपन र ट्रेड युनियन कमजोर बनाउने अभ्यासका कारण आप्रवासी श्रमिकहरूको सुरक्षामा क्रमशः गिरावट आएको भनिएको छ ।

प्राविधिक तथा हरित अर्थतन्त्रमा देखिएको रूपान्तरणले श्रम आप्रवासनको आकार बदलिँदा नयाँ जोखिमहरू सिर्जना भइरहेको बिएचआरसीले जनाएको छ । श्रमिकहरू दुर्व्यवहारमा परिरहेको अवस्थामा यस्तो रूपान्तरणको अर्थ नहुने संस्थाको दाबी छ। रोजगारदाता कम्पनीले जिम्मेवार व्यावसायिक आचरणलाई व्यावहारिक बनाउँदै आप्रवासी कामदारको अधिकारको सम्मान गर्न उनीहरूसँग निष्पक्ष वार्ताको ग्यारेन्टी गर्नुका साथै व्यापार मोडेलहरू साझा समृद्धिमा निर्माण भएको सुनिश्चित गर्नुपर्ने सुझावसमेत दिएको छ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/०६ गते**

यस कम्पनीको मिति २०८३/०१/०२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बिनायक इन्फ्रा ट्रेड प्राइभेट लिमिटेड** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एसियन इन्फ्रा ट्रेड प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३७५१२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८३/०१/०६ गते**

यस कम्पनीको मिति २०८२/१२/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **महाराजगंज स्किन हस्पिटल प्रा.लि.** (प्रा.लि. नं.३७९७२१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२३ को निर्णयानुसार नाम परिवर्तन गरी **महाराजगंज स्किन फार्मेसिया एण्ड कस्मेटिक प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### नेपाल पत्रकार महासंघ, ललितपुर जिल्ला शाखा

**वार्षिक साधारण सभा बस्नेबारे सूचना**

*सूचना प्रकाशित मिति २०८३/०१/०६ गते*

नेपाल पत्रकार महासंघ ललितपुर शाखाको मिति २०८३ वैशाख ५ गते बसेको कार्य समितिको बैठकले शाखाको **वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा बस्ने भएकाले उपस्थितिका लागि नेपाल पत्रकार महासंघ ललितपुर शाखाका सदस्यहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम**

**मिति** : २०८३ जेठ १६ गते, शनिबार
**समय** : विहान ८:०० बजे
**स्थान** : डिलाइट पार्टी भेन्यू, महालक्ष्मीस्थान, ललितपुर

**साधारण सभाका प्रस्तावहरू**

१. सचिवको वार्षिक प्रगति प्रतिवेदन तथा भावी कार्यक्रम ।
२. कोषाध्यक्षको आर्थिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको अनुमानित आर्थिक विवरण ।
३. विविध ।

**दीपक अर्याल**
सचिव
नेपाल पत्रकार महासंघ, ललितपुर

### मलेसियामा रोजगार

कम्पनी : ZEITO PLASTIC COMPONENTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०४ | LT. No. 340642 | चलानी नं. ६०२५४०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 14 | 0 | 1700 | ६४,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १३ गते (26th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALHAYA श्रम ईजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, E-mail : alhaya.recruitment@gmail.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइबार, ६ वैशाख, २०८३

| | |
|---|---|
| **मेष** | काममा प्रगति, तर हतार नगर्नुहोस् । |
| **वृष** | आर्थिक पक्ष सुधार, नयाँ अवसर आउन सक्छ । |
| **मिथुन** | साथीभाइसँग रमाइलो, तर खर्च बढ्न सक्छ । |
| **कर्कट** | परिवारसँग समय बिताउने राम्रो दिन । |
| **सिंह** | आत्मविश्वास बढ्ने, काम सफल हुने संकेत । |
| **कन्या** | सानो विवादबाट टाढा रहनु राम्रो । |
| **तुला** | नयाँ योजना सुरु गर्न अनुकूल समय । |
| **वृश्चिक** | स्वास्थ्यमा ध्यान दिनुहोस्, आराम आवश्यक । |
| **धनु** | यात्रा वा नयाँ अनुभवको अवसर । |
| **मकर** | काममा जिम्मेवारी बढ्ने, प्रशंसा मिल्ने । |
| **कुम्भ** | सिर्जनात्मक काममा सफलता मिल्ने । |
| **मीन** | मन शान्त रहने, आध्यात्मिक सोच बढ्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

६ वैशाख, २०८३ (१९ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९.११ | १४९.७१ |
| युरो | १ को | १७५.९८ | १७६.६९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०२.३७ | २०३.१९ |
| स्विस फ्रैन्क | १ को | १९१.१७ | १९१.९४ |
| अस्ट्रेलियन डलर | १ को | १०६.२७ | १०६.७० |
| क्यानाडियन डलर | १ को | १०८.४३ | १०८.८७ |
| सिङ्गापुर डलर | १ को | ११७.३२ | ११७.७९ |
| जापानी येन | १० को | ९.३९ | ९.४३ |
| चिनियाँ युआन | १ को | २१.८८ | २१.९६ |
| साउदी अरब रियाल | १ को | ३९.७३ | ३९.८९ |
| कतारी रियाल | १ को | ४०.९० | ४१.०६ |
| थाई भाट | ख १ को | ४.६६ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.६० | ४०.७६ |
| मलेसियन रिङ्गेट | १ को | ३७.७४ | ३७.८९ |
| दक्षिण कोरियन वन | १०० को | १०.१४ | १०.१८ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३५ |
| डेनिस क्रोनर | १ को | २३.५५ | २३.६४ |
| हङकङ डलर | १ को | १९.०४ | १९.११ |
| कुवेती दिनार | १ को | ४८६.७३ | ४८८.६९ |
| बहराइन दिनार | १ को | ३९५.२६ | ३९६.८५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



योगाभ्यास | मुस्ताङको थासाङ गाउँपालिकाद्वारा आयोजित तीनदिने योग शिविरमा योगाभ्यास गर्दै स्थानीय र कर्मचारीहरू । *तस्बिर: रासस*

# मनसुनपूर्वको वर्षाले घटायो वन डढेलो

■ प्रगति ढकाल


**काठमाडौं–** हरेक वर्षको चैत महिना वन डढेलोको उच्च जोखिममा रहने गर्छ । तर गत चैतमा भने डढेलोको घटना थोरैमात्र घट्यो । मनसुन पूर्वनै औसतभन्दा बढी वर्षा भएकाले अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा गिरावट आएको हो ।

वन तथा भू-संरक्षण विभागले उपलब्ध गराएको तथ्यांकअनुसार २०७८ चैतमा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए । यो संख्या २०७९ चैतमा घटेर २६७ मा झरेको थियो । २०८० चैतमा २४९ र २०८१ चैतमा पुनः बढेर ३३१ पुगेको थियो । २०८२ चैतमा भने हालसम्मकै थोरै ७९ वटामात्रै डढेलाका घटना दर्ता भएका छन् ।

समग्रमा २०७८ मा दुई हजार १६२ वटा डढेलोका घटना भएकामा २०७९ मा एक हजार २७० मा झरेको थियो । २०८० मा दुई हजार ५५ र २०८१ मा तीन हजार ४७ पुगेको थियो । २०८२ मा भने ४२४ वटा घटना दर्ता भएका छन् । वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले यस वर्ष मनसुन सुरु हुनुअघि नै वर्षा भएका कारण वन डढेलोमा कमी आएको बताए । 'यस वर्ष वन डढेलाको ठूलो समस्या भएन । तर वन डढेलो कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकमा पनि छलफल भएको थियो,' उनले भने, 'वन डढेलो नियन्त्रणका लागि ड्रोन खरिदलगायतका कुराहरू पनि उठेका थिए । बैठकमा मनसुनजन्य विपद्को रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गर्ने तथा अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग माग गर्ने निर्णयसमेत भएको छ ।'

महिनागत विश्लेषणले वैशाखमा सबैभन्दा धेरै डढेलो हुने गरेको छ । विक्रम संवत् २०७८ मा एक हजार २०४, विसं २०७९ मा ६०९, विसं २०८० मा एक हजार २७० र विसं २०८१ मा एक हजार ९०४ वटा घटना वैशाखमै भएका थिए । विसं २०८२ को वैशाखमा भने डढेलोको संख्या घटेर १७३ मात्र छ । जेठमा पनि उल्लेख्य संख्यामा डढेलो हुने गरेको तथ्यांकले देखाउँछ ।

वन तथा भू-संरक्षण विभागले सार्वजनिक गरेको वन डढेलोसम्बन्धी प्रतिवेदनले पछिल्लो समय डढेलोको जोखिम बढेसँगै वातावरणीय चुनौतीका रूपमा देखिएको छ । प्रतिवेदनअनुसार




कूल घटनामध्ये करिब ८९ प्रतिशत डढेलो फागुनदेखि वैशाखसम्ममा हुने गर्छन् । दीर्घकालीन तथ्यांकले विसं २०७३ लाई सबैभन्दा गम्भीर डढेलो वर्षका रूपमा देखाएको छ । पछिल्ला वर्षहरूमा पनि डढेलोको जोखिम उच्च छ । विशेषगरी २०७८ र २०८१ मा उल्लेख्य संख्यामा डढेलोका घटना अभिलेख भएका छन् ।

विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम, लामो सुक्खा अवधि तथा मानवीय कारणले वन डढेलोका घटना बढ्ने बताए । 'लामो हिउँदे सुक्खा अवधि, न्यून आर्द्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन तथा वन क्षेत्रमा मानव गतिविधि वृद्धि हुने कारण वन डढेलोको जोखिम बढी हुन्छ,' उनले भने । विशेषगरी वैशाख सबैभन्दा जोखिमयुक्त महिनाका रूपमा देखिएको छ, जसमामात्र कूल घटनाको करिब ५७.७ प्रतिशत डढेलो हुने गरेको छ ।

यस्तो छ प्रदेशगत वन डढेलो

प्रदेशगतरूपमा हेर्दा डढेलोबाट पछिल्ला वर्षमा लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित छ । विसं २०७८ मा ४८२ वटा डढेलो भएको लुम्बिनीमा २०८१ सम्म यो संख्या बढेर ६९८ पुगेको थियो । २०८२ मा भने यो संख्या घटेर ४४ मा झरेको छ । कर्णाली प्रदेशमा पनि २०७८ मा ३१४ बाट २०८१ मा ५७५ पुगेको थियो । तर २०८२ मा भने ५७ वटा वन डढेलोका घटना दर्ता भएका छन् । त्यसैगरी, सुदूरपश्चिम प्रदेशमा २०७८ मा ३८९ र २०८१ मा ५२५ वटा डढेलोका घटना भएकामा २०८२ मा भने १३१ वटा घटना दर्ता भएका छन् ।

बागमती प्रदेशमा २०७८ मा ३०३ बाट २०८१ मा ४७५ पुगेको थियो भने २०८२ मा यो संख्या घटेर ७६ पुगेको छ । गण्डकी प्रदेशमा २०८१ मा २४९ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३५ वटा दर्ता भएका छन् । यसैगरी, कोशी प्रदेशमा २०८१ मा २८७ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३१ पुगेको छ ।

अघिल्लो वर्ष मधेस प्रदेशमा २३८ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ५० मा झरेको छ । तथ्यांकले २०८२ मा सबैभन्दा बढी सुदूरपश्चिममा र सबैभन्दा कम कोशी प्रदेशमा डढेलो भएको देखाउँछ । वन तथा भू-संरक्षण विभागको तथ्यांकमा विशेषगरी विसं २०७३, २०७८ र २०८१ मा अत्यधिक डढेलो घटना अभिलेख भएका छन् । गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको पाँच वर्षमा वन डढेलोका कारण करिब ९१ करोड ७९ लाख रूपैयाँ आर्थिक क्षति भएको जानकारी दिए ।

## मनसुन पूर्वनै सरदरभन्दा बढी वर्षा

मनसुन सुरु हुनुपूर्व नै औसतभन्दा बढी वर्षा हुँदा सुक्खापन घटेको र वन डढेलोजस्ता प्राकृतिक विपद्का घटना कम भएको मौसमविद्को भनाइ छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् डिविड ढकालका अनुसार शुक्रबारसम्म प्रिमनसुन अवधिमा सरदरभन्दा बढी वर्षा 'रेकर्ड' भएको छ । 'यस अवधिमा सामान्यतया करिब ३० प्रतिशत वर्षा हुने गरे पनि यस वर्ष ४४.३ प्रतिशत वर्षा भइसकेको छ,' उनले भने ।

उनका अनुसार विभागअन्तर्गत रहेका २० वटा मौसमी स्टेसनमध्ये जुम्लामा सरदर वर्षा भएको छ भने अन्य अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा मापन गरिएको छ । ढकालले हालसम्म कूल १०१.४ मिलिमिटर वर्षा भइसकेको जानकारी दिँदै यसले सुक्खा अवस्था कम गर्न र वन डढेलोको जोखिम घटाउन सहयोग पुगेको उल्लेख गरे । वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ अनुसार वन क्षेत्रको विस्तारसँगै उचित व्यवस्थापन र सदुपयोगको अभावमा वनमा आगलागीको जोखिम पनि बढेको छ । विगतका घटनाहरूका आधारमा अधिकांश वन डढेलो मानिसले लगाएको देखिन्छ ।

वन डढेलो लाग्ने कारणहरूमा चरिचरनका लागि आगो लगाउने प्रवृत्ति (३० प्रतिशत), चुरोट पिउनेहरूबाट (१५ प्रतिशत), सिकारीहरूबाट (सात प्रतिशत), वनभोज, क्याम्प फायर आदिबाट (सात प्रतिशत), बच्चाहरू खेल्दा (छ प्रतिशत), अवैध काठ कटान गर्नेहरूबाट (पाँच प्रतिशत), अतिक्रमणकारीहरूबाट (पाँच प्रतिशत), खोरिया फँडानीबाट (पाँच प्रतिशत), अज्ञात कारणबाट (चार प्रतिशत), गोल पोल्नेबाट (चार प्रतिशत), जडीबुटी संकलकहरूबाट (तीन प्रतिशत), राँको बाल्ने कारणले (तीन प्रतिशत) तथा खेतीपातीका लागि (एक प्रतिशत) रहेको कार्ययोजनामा उल्लेख छ । समग्रमा मानिसहरूको जानाजानीबाट ६४ प्रतिशत, लापरवाहीबाट ३२ प्रतिशत र अज्ञात कारणबाट चार प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्यांक छ । *रासस*

# पाँच वर्षमा तेब्बरले बढ्यो भ्रष्टाचारजन्य कसुरका मुद्दा

■ प्रकाश सिलवाल

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीविरुद्ध उल्लेख्य संख्यामा भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायर गरेको छ ।

सो अवधिमा कूल एक लाख ६६ हजार ५२० उजुरी परेकामा एक लाख २१ हजार ९४३ (७३.२३ प्रतिशत) फर्स्योट भई ७९८ मुद्दा दायर भएका छन् । ती मुद्दामा चार हजार ६६२ जनालाई प्रतिवादी बनाई ३१ अर्ब ५२ करोड २५ लाख पाँच हजार रूपैयाँ बिगो दाबी गरिएको छ । यी मुद्दामा विशेष अदालतबाट सरदर ५५ प्रतिशत कसुर स्थापित भएको छ भने कसुर स्थापित नभएकामध्ये ७१९ मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग पुनरावलोकनका लागि सर्वोच्च अदालत गएको छ । पुनरावलोकन गरिएकामध्ये नौ मुद्दामा अख्तियारको माग दाबीअनुसार सर्वोच्च अदालतबाट ठहर भएको आयोगले जनाएको छ ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारीले २०७७ माघ २१ गतेदेखि पद बहाली गरेका थिए । आर्थिक वर्ष २०७७/७८ को तुलनामा पछिल्लो आर्थिक वर्षमा उजुरी, फर्स्योट र मुद्दा दायरको आँकडा बढ्दो देखिएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७७/७८ को माघसम्ममा १२ हजार ४९६ उजुरी र ४६ मुद्दा दायर भई २३० प्रतिवादी रहेकामा चालु आर्थिक वर्षको गत चैत मसान्तसम्म २८ हजार ४१६ उजुरी र १२१ मुद्दा दायर भई ४२९ प्रतिवादी छन् । आर्थिक वर्ष २०७७/७८ मा दायर भएका मुद्दामध्ये ६८ प्रतिशत कसुर स्थापित भएका थिए भने चालु आर्थिक वर्षको चैतसम्ममा ४८.८५ प्रतिशत कसुर स्थापित भएका छन् । यसैगरी, आव २०७८/७९ मा २४ हजार ३३१ उजुरी परेकामा ७०.५६ प्रतिशत फर्स्योट भई १३१ मुद्दा दायर भई ६३९ प्रतिवादी रहेका थिए । आव २०७९/८० मा २८ हजार ६५ उजुरी परेकामा ६६.९८ प्रतिशत फर्स्योट भई १६१ मुद्दा दायर भएकामा ७६६ प्रतिवादी कायम गरिएको थियो । यी मुद्दामा ३३.४३ प्रतिशत कसुर स्थापित भएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेकामा ७६.५९ प्रतिशत फर्स्योट भई २०१ मुद्दामा गरी एक हजार ५४५ प्रतिवादी रहेका थिए । यसमध्ये ६५.६७ प्रतिशत कसुर स्थापित भएको थियो । आव २०८१/८२ मा ३७ हजार २६ उजुरीमध्ये ८०.२२ प्रतिशत फर्स्योट भई १३७ मुद्दामा ७५३ प्रतिवादी कायम भए । यीमध्ये ५२.६७ प्रतिशत कसुर स्थापित भएको थियो ।

संसद्को गत अधिवेशनमा पेस भएको अख्तियारको ३५औं वार्षिक प्रतिवेदनमा प्रदेशगत आधारमा हेर्दा बागमती प्रदेशमा संघीय निकाय




वा पदाधिकारीसम्बन्धी उजुरीको संख्या बढी देखिएको छ । 'स्टिङ अपरेसन'का सम्बन्धमा सर्वोच्च अदालतबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुनेगरी २०७८ वैशाख ८ मा फैसला भएका कारण त्यसयता घूस (रिसवत) सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलता दर केही घट्न गएको आयोगको बुझाइ छ ।

आयोगले प्राप्त उजुरी, आयोगको अनुसन्धान र विद्यमान कानुनी व्यवस्थाअनुसार मुद्दा अघि बढाउने भएकाले विशेष अदालतको फैसलाबारे पुनरावलोकनबाहेक अरू विकल्प आफूहरूसँग नहुने प्रवक्ता न्यौपानेको भनाइ छ ।

नेपालको संविधानको भाग २१ बमोजिम दुरूपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी वा गराई त्यस्तो अनुसन्धानबाट कसुरदार देखिएमा त्यस्ता व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गराउँदै आएको छ ।

आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने वा गराउने कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरू तय गरी सदाचार, निष्पक्षता, निडरता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवं अभियोजनजस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आएको प्रवक्ता न्यौपानेले बताए ।

## शीर्षनेता, जनप्रतिनिधि र उच्च कर्मचारीसम्म प्रतिवादी

आयोगले यसबीचमा दायर गरेका मुद्दामा प्रतिवादी बनाइएकामा तत्कालीन प्रधानमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म छन् । आयोगका अनुसार २०७७ माघ २१ देखि गत चैत मसान्तसम्ममा यस वर्गमा १०२ प्रतिवादी भएका छन् । प्रतिवादी बनाइएकामा पतञ्जली योगपीठको जग्गा साटफेर प्रकरणमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, वाइडबडी खरिदमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, टेरामक्स खरिदमा तत्कालीन सूचना तथा प्रविधिमन्त्री मोहनबहादुर बस्नेत, लिची बगैँचा जग्गाको घूस रिसवतमा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्था, सहकारी र गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको अनियमितता मुद्दामा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भीमप्रसाद आचार्य र दीपक चन्द अमात्य तथा तत्कालीन अर्थमन्त्री डा. रामशरण महत प्रतिवादी रहेका छन् । यस्तै, भन्सार छलेर सुन ल्याएको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध आयोगले मुद्दा दायर गरेको छ । यसैगरी, विभिन्न प्रदेशका मन्त्री, सांसद, नगर तथा गाउँपालिकाका प्रमुख र अध्यक्ष तथा उपप्रमुख र उपाध्यक्षविरुद्ध पनि मुद्दा दायर भएको छ ।

यसैगरी, पूर्वमुख्यसचिव डा. वैकुण्ठ अर्यालविरुद्ध अन्तःशुल्क स्टिकरमा मुद्दा दायर भई किनारा लागिसकेको छ भने नेपाल सरकारका तत्कालीन सचिवहरू रामकुमार श्रेष्ठविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन, शंकरप्रसाद अधिकारीविरुद्ध वाइडबडी खरिद, सञ्जय शर्माविरुद्ध नेसनल पेमेन्ट गेटवे, छविराज पन्तविरुद्ध पतञ्जली योगपीठ जग्गा साटफेरमा मुद्दा दायर गरिएको छ ।

तत्कालीन सचिवहरू सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा र भेषराज शर्माविरुद्ध विमानस्थल निर्माणमा लागत बढाइएको विषयमा मुद्दा दायर भएको छ । यस्तै, विभिन्न सहसचिव, महानिर्देशकहरू, प्रदेश सचिव, सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा विभिन्न कर्मचारीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ मा भएको हालको संशोधित व्यवस्थाअनुसार आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण कसुरका तत्व देखिएमा सोकोसमेत अनुसन्धान गर्ने व्यवस्था रहेको छ । *रासस*


Local Government

**Indrawati Rural Municipality**

**Office of Rural Municipal Executive**

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

इन्द्रावती गाउँपालिका

## Invitation for Bid

**Date of Second Publication: 2083/01/06**

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchowk, Bagmati Province, Nepal invites **Electronic Bid only** for eligible bidders for following Works under SQ Procedures. Only eligible bidders with the following key qualification should participate in the bidding for contracts mentioned below.

| S. N. | Contract No. | Name of Work | Estimated Amount Inclusive of Vat | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IRMSI/W/SQ/ 082/083-11 | Construction of Temple at Children park,Indrawati-7, Sindhupalchok | 9,61,335.38 | 25,000.00 | 45+30 Days | 1000.00 |
| 2 | IRMSI/W/SQ/ 082/083-12 | Supplying of Sanitary Pads, IRM Sindhupalchok | 12,35,000.00 | 30,000.00 | | |
| 3 | IRMSI/W/SQ/ 082/083-13 | Purchasing & Supplying of HDPE Pipe for IRM, Sindhupalchok | 13,08,637.56 | 33,000.00 | | |

3. Bidders are strongly requested to mention the name of the firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Non-Complaince of this shall be ground for declaring the bid **NON RESPONSIVE.**

4. Any additional information or query regarding the bids can be accuired by downloading the bids from **e-GP System of PPMO** or by writing us in **indrawatigaupalika@gmail.com.**

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संसदीय मर्यादाको पुनर्जागरण र रास्वपाको सुझबुझ

**नेपाली संसदीय राजनीतिमा एउटा पुरानो र घातक रोग थियो- शक्ति व्यवस्थापनका नाममा भागबण्डा र पदको मोह । विशेषगरी सार्वजनिक लेखा समिति, जसलाई सरकारको खर्चमाथि लगाम लगाउने र पारदर्शिताको पहरेदारी गर्ने 'वाचडग'मानिन्छ, त्यसको नेतृत्व विगतमा सत्तापक्षकै कब्जामा रहने गरेका थुप्रै कुरूप उदाहरणहरू छन् । तर, हालै विकसित राजनीतिक घटनाक्रम र १८२ सिटसहित संसद्को पहिलो शक्तिको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संसदीय समितिको सभापति चयनमा जुन सुझबुझ देखाएको छ, त्यसले नेपाली राजनीतिमा एउटा नयाँ र सकारात्मक मानक स्थापित गर्ने संकेत गरेको छ ।**

**सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्षी दललाई नै दिनुपर्छ भन्ने कुनै संवैधानिक बाध्यता नभए पनि यो संसदीय पद्धतिको एउटा सुन्दर 'अघोषित' मर्म हो । विगतमा नेकपा एमाले र नेपाली कांग्रेसले सत्ताको बागडोर सम्हाल्दा यस मर्मलाई पटक-पटक कुल्चिएका थिए । कहिले ऋषिकेश पोखरेल त कहिले भरतकुमार शाहका सन्दर्भमा देखिएका विवादहरूले यो पुष्टि गर्दथ्यो कि सत्तापक्ष आफ्ना कमजोरी लुकाउन लेखा समितिलाई खल्तीमा राख्न चाहन्छ । तर, यसपटक कांग्रेसका सांसद भरतबहादुर खड्कालाई सर्वसम्मत सभापति चयन गर्नुले 'सुधारको राजनीति' को झल्को दिएको छ ।**

**रास्वपा सभापति रवि लामिछानेले भनेझैं, 'कहिलेकाहीं संविधानको मर्मलाई हेर्नुपर्छ ।' लोकतन्त्रमा बहुमतको सरकार चल्छ, तर अल्पमतको (प्रतिपक्षको) आवाज सुनिनुपर्छ । १८२ सिटको प्रचण्ड बहुमत हुँदाहुँदै पनि सरकारलाई जवाफदेही बनाउने प्रमुख समितिको साँचो प्रतिपक्षलाई सुम्पनुले रास्वपाले आफूलाई 'पुराना दलभन्दा फरक' प्रमाणित गर्ने कोसिस गरेको छ ।**

**विगतमा कांग्रेस र एमाले दुवैले सत्तामा रहँदा लेखा समिति नछोडेर संसदीय सदाचारको जुन धज्जी उडाएका थिए, त्यसबाट पाठ सिकेर अघि बढ्नु आजको आवश्यकता हो । निर्वाचनमा जनताले पुराना दलहरूलाई खुम्च्याएर प्रतिपक्षमा पुऱ्याउनुको अर्थ उनीहरूलाई सुधारिने मौका दिनु पनि हो । यस्तो अवस्थामा प्रमुख प्रतिपक्षलाई 'गल्ती सच्याउने' अवसर दिनुले संसद्को गरिमा बढाउँछ ।**

**यहाँ पद पाउनुमात्र ठूलो कुरा होइन, त्यसको गरिमा जोगाउनु असल संसदीय अभ्यास हो । नवनिर्वाचित सभापति खड्का र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले यो जिम्मेवारीलाई केवल राजनीतिक 'बार्गेनिङ' को थलो बनाउनु हुँदैन । सरकारलाई रचनात्मक दबाब दिने र बेथितिमाथि प्रश्न उठाउने थलोको रूपमा लेखा समितिलाई क्रियाशील बनाउन सकेमात्र रास्वपाले गरेको यो 'करेक्सन'को सान्दर्भिकता पुष्टि हुने छ ।**

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# के एआईले जागिर खाइदिन्छ ?



❑ लिलाराज भट्टराई

> हाम्रो अर्थतन्त्र कृषि, पर्यटन र रेमिट्यान्समा आधारित भएकाले प्रत्यक्ष खतरा तत्काल महसुस नहुन सक्छ तर अप्रत्यक्ष असर गहिरो हुने छ । नेपालका ६० प्रतिशतभन्दा बढी श्रमिक कृषि वा म्यानुअल कामहरूमा छन्, जसले एआई-प्रेरित जोखिम तत्काललाई सीमित राख्छ । तर बलियो डिजिटल सीप र क्षमताविना नेपाल उच्च मूल्यको वैश्विक अर्थतन्त्रमा पछाडि पर्न सक्छ । नेपालमा पूर्णकालीन नियमित जागिर तीव्ररूपमा घटेका छन् भने आउटसोर्स र करार कामहरु उल्लेखनीयरुपमा बढेका छन् ।

काकरभिट्टादेखि क्यालिफोर्नियासम्म एउटै प्रश्न छ के आर्टिफिसियल इन्टेलिजन्स (एआई) अर्थात् कृतिम बुद्धिमताले जागिर खाइदिन्छ ? यसको प्रस्ट जवाफ हो- खाइदिन्छ । तर एआईले होइन, एआई जान्ने मान्छेले नजान्नेको जागिर खाइदिन्छन् । नेपालका लागि असली खतरा एआई होइन, असली खतरा एआईको युगमा पनि पुरानो सीपमै अडिइरहनु हो । जसले एआईलाई अस्त्र बनाउँछ, उसका लागि यो युग अवसरको हो । जसले आँखा चिम्लेर बस्छ, उसका लागि यो युग, विस्थापनको समय बन्न सक्छ ।

प्रश्न 'के एआईले जागिर खान्छ ?' भन्ने होइन । प्रश्न हो, 'के म एआईसँगै अगाडि बढ्न तयार छु ?' एउटा उदाहरण हेरौं, एउटा सफ्टवेयर कम्पनीमा काम गर्ने एक व्यक्ति गत वर्षसम्म कन्टेन्ट राइटरको रूपमासमेत कार्यरत थिए । दिनभरि ब्लग पोस्ट, प्रोडक्ट डेस्क्रिप्सन, र मार्केटिङ कपी लेख्ने उनको काम अचानक आधा भयो- कम्पनीले च्याटजिपिटी, जेमिनाई, क्लाउडजस्ता जेनेरेटिभ एआई टुल प्रयोग गर्न थालेपछि उनको कामसँगै कमाई पनि घट्यो । पहिले पाँच जना राइटरको काम अहिले एआई जानेका दुईजनालाई पनि पुगेन ।

यो एक जना व्यक्तिकोमात्र कथा होइन, यो एउटा युगको सुरुवात हो अर्थात् एआईको युग । एआईका कारण काममा धेरै सजिलो भएको छ । घण्टौं लाग्ने काम मिनेटमै सकिने भएको छ । पाँचजनाले गर्ने काम एक जनाले सक्न थालिएको छ । जटिल समस्या सहजै समाधान गर्न सकिने भएको छ । जीवन झन् सहज बनाउन एआई एउटा युगान्तकारी प्रविधिका रूपमा उदाएको छ ।

संसारभरि के भइरहेको छ ?

विश्व आर्थिक मञ्चको अनुमानअनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुने छन् । मञ्चको सन् २०२५ को 'फ्युचर अफ जब्स रिपोर्ट' अनुसार विश्वभरि ४१ प्रतिशत जागिर प्रदायकहरूले अर्को पाँच वर्षमा एआई स्वचालनका कारण जनशक्ति घटाउने योजना बनाइसकेका छन् । उनीहरू पाँच वर्ष कुर्ने छैनन् किनकि परिवर्तन अहिले नै हुन थालेको देखिन्छ ।

सन् २०२५ को पहिलो छ महिनामामात्रै ७७ हजार ९९९ प्रविधिसम्बन्धी जागिर गुमेका थिए । गोल्डम्यान स्याक्सका अनुसार एआईले विश्वभरि ३० करोड जागिर प्रभावित गर्न सक्छ, जुन विश्वको कूल रोजगारको ९.१ प्रतिशत हो ।

कस्ता जागिर सबैभन्दा बढी जोखिममा छन् ?

पेनसिल्भानिया विश्वविद्यालय/ओपन एआईका अनुसन्धानकर्ताका अनुसार वार्षिक ८० हजार डलरसम्म कमाउने उच्च शिक्षित वाइटकलर जब्स स्वचालनको सबैभन्दा बढी जोखिममा छन् । एआईको बढ्दो प्रयोगले दोहोरिरहने र नियममा आधारित जागिर जोखिममा पर्ने छन् । डेटा इन्ट्री, कल सेन्टर, ग्राहक सेवा, कन्टेन्ट राइटिङ, अनुवाद, उद्योगमा दोहोरिरहने कार्य, ग्राफिक डिजाइन, सफ्टवेयर प्रोगामिङ र लेखा क्षेत्रका जागिर जोखिममा पर्ने छन् ।

एक अध्यनका अनुसार बैंकिङमा ५४ प्रतिशत जागिरमा एआई स्वचालनको उच्च सम्भावना छ । कानुनी क्षेत्रमा पारालिगलहरूले सन् २०२६ सम्ममा ८० प्रतिशत जोखिम सामना गर्नुपर्ने अनुमान छ । स्वास्थ्य क्षेत्रमा मेडिकल ट्रान्सक्रिप्सन स्वचालित भइसकेको छ । ब्लुमबर्गको अनुसन्धान भन्छ कि एआईले बजार अनुसन्धान विश्लेषकका ५३ प्रतिशत र बिक्री प्रतिनिधिका ६७ प्रतिशत कार्यहरू प्रतिस्थापन गर्न सक्छ । सेल्सफोर्सका सिइओ मार्क बेनियफका अनुसार एआईले अहिले कम्पनीको आधा काम सम्हाल्न थालेको छ । यसकारण उनले चार हजारभन्दा बढी ग्राहक सेवा कर्मचारी घटाएका छन् । बिएम कम्पनीले सयौं मानव संसाधन भूमिकाहरू एआई च्याटबोटले प्रतिस्थापन गरेको छ ।

सन् २०२५ को सुरुदेखि नै एआई-प्रभावित क्षेत्रमा काम गर्ने २० देखि ३० वर्षका युवाहरूमा बेरोजगारी झण्डै तीन प्रतिशत बिन्दुले बढ्यो । एआईले पाँच वर्षभित्र आधा प्रवेशस्तरका बौद्धिक मानिने 'वाइट कलर' जागिर हटाउन सक्ने एन्थ्रोपिकका सिइओ डारियो अमोडेईले कठोर भविष्यवाणी गरिसकेका छन् ।

एआईले जागिर बढाउँछ

निष्पक्ष विश्लेषणका लागि यो पक्ष पनि हेर्नु जरुरी छ । विशेषज्ञहरूका अनुसार एआईका कारण जागिर गुम्नेभन्दा सिर्जना हुने संख्या बढी हुने छ । विश्व आर्थिक मञ्चको अनुमानअनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुने छन्  तर एआईकै कारण १७ करोड नयाँ जागिर सिर्जना हुने छन् । विश्वमा सात करोड ८० लाख जागिरको शुद्ध वृद्धि हुनसक्छ अर्थात् एआईको बजार प्रभाव समग्रमा सकारात्मक हुनसक्छ । एआई इन्जिनियर भूमिकाहरूमा १४० प्रतिशतभन्दा बढी माग वृद्धि भइरहेको छ ।

औद्योगिक क्रान्तिले मिलमा काम गर्नेहरूलाई विस्थापित गऱ्यो तर त्यसले थप उद्योगहरू र थप रोजगारी पनि सिर्जना गऱ्यो । सन् १९७० को दशकमा कम्प्युटर क्रान्तिले धेरै रोजगारी विस्थापन गर्दा त्यो भन्दा बढी रोजगारी बढेको हामीले देखे भोगेकै हो । ३० वर्षको अन्तरमा कम्प्युटर दैनिक जीवनको हिस्सा बन्यो । सन् २०२७ सम्ममा भारतमामात्र २३ लाख एआईसम्बन्धी नयाँ जागिर खुल्ने प्रक्षेपण गरिएको छ । त्यसैले एआई क्रान्तिले पनि रोजगार विस्थापनभन्दा बढाउने अवस्था छ ।

एक अध्ययनका अनुसार एआई सीपहरू भएका पेसेवरहरूले उही भूमिकामा सीप नभएका साथीहरूको तुलनामा ५६ प्रतिशतसम्म बढी तलब पाउँछन् । यो तथ्यांकले एआईसँग लड्न खोज्नुभन्दा एआई सिक्नु लाभदायक छ भन्ने एउटा स्पष्ट सन्देश दिन्छ । नेपाली फ्रिल्यान्सरहरूका लागि एउटा अभूतपूर्व अवसर खुलेको छ, सही उपकरणहरूसहित विराटनगरको एक डेभलपर वा पोखराको एक डिजिटल मार्केटरले अमेरिका वा युरोपमा उच्च पारिश्रमिकका लागि प्रतिस्पर्धा गर्न र विदेशी मुद्रा नेपाल ल्याउन सक्छन् ।

## नेपालको अवस्था के छ ?

नेपाललाई यो प्रश्नले फरक तरिकाले छुन्छ । हाम्रो अर्थतन्त्र कृषि, पर्यटन र रेमिटचान्समा आधारित भएकाले प्रत्यक्ष खतरा तत्काल महसुस नहुन सक्छ तर अप्रत्यक्ष असर गहिरो हुने छ । नेपालका ६० प्रतिशतभन्दा बढी श्रमिक कृषि वा म्यानुअल कामहरूमा छन्, जसले एआई-प्रेरित जोखिम तत्काललाई सीमित राख्छ । तर बलियो डिजिटल सीप र क्षमताविना नेपाल उच्च मूल्यको वैश्विक  अर्थतन्त्रमा पछाडि पर्न सक्छ ।


नेपालमा पूर्णकालीन नियमित जागिर तीव्ररूपमा घटेका छन् भने आउटसोर्स र करार कामहरू उल्लेखनीयरूपमा बढेका छन् । नेपालको बिपिओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) क्षेत्र विशेषरूपमा संवेदनशील छ । नेपालको अर्थतन्त्र सेवा क्षेत्र, बिओपी र प्रशासनिक भूमिकाहरूमा भारी निर्भर छ- यी नै क्षेत्र स्वचालनका लागि सबैभन्दा बढी उपयुक्त छन् ।

नेपालमा सरकारले सन् २०२४-०३४ लाई सूचना प्रविधिको दशक घोषणा गरेको छ । यसमा १५ लाख नयाँ प्राविधि जागिर र दशकभित्र ३० खर्ब नेपाली रूपैयाँको आइटी सेवा निर्यात गर्ने लक्ष्य राखेको छ । यो महत्त्वाकांक्षी लक्ष्य हो तर यसका लागि एआईलाई चुनौतीको रूपमा होइन, अवसरको रूपमा बुझ्नुपर्छ ।

## सरकारले के गरिरहेको छ ?

नेपाल सरकारले राष्ट्रिय एआई नीति २०८२ आधिकारिकरूपमा अनुमोदन गरिसकेको छ । यो ढिलै भए पनि देशको डिजिटल रूपान्तरण यात्रामा एक महत्त्वपूर्ण उपलब्धि हो । यो नीतिले स्वास्थ्य, शिक्षा, कृषि र सार्वजनिक प्रशासन क्षेत्रमा एआईको रणनीतिक एकीकरणको कल्पना गरेको छ । नेपाल सरकारले पाँच वर्षभित्र एआई क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने लक्ष्य राख्दै एआईसम्बन्धी नयाँ नीति कार्यान्वयनमा ल्याएको हो । यो नीतिले अन्तर्राष्ट्रिय आधारभूत सिद्धान्त र प्रचलनसँग अनुकूल हुनेगरी एआईको अनुसन्धान, विकास र प्रयोगलाई दिशा निर्देश गर्न नेपालमा एआई नियमन परिषद् स्थापना गर्ने रणनीति लिएको छ ।

एआईलाई आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम उपभोग गर्ने प्रतिबद्धतासहित उक्त नीतिमा विश्वव्यापी सूचकांक एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५०औं स्थानभित्र पुऱ्याइने उल्लेख गरिएको छ । नीतिले एआईका कारण सम्भावित जागिर गुम्ने स्थितिलाई व्यवस्थापन गर्न र यसका सामाजिक तथा आर्थिक परिणामलाई सम्बोधन गर्न संयन्त्र स्थापना गर्ने कुरा पनि उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले एआईले नेपालको विकासलाई अवसर र चुनौती दुवै दिने बताएको छ । एआईलाई मानवकेन्द्रित तथा क्षमता स्वचालित गर्नभन्दा बढाउने दिशामा विकास गर्नु जरुरी छ भन्ने कुरामा युएनडिपीले जोड दिएको छ । समग्रमा एआईले जागिर खाने नभएर पहिलेको भन्दा बढी जागिर उत्पादन गर्छ भन्न सकिन्छ । यसले दोहोरिने, यान्त्रिक कामहरू हटाउँछ तर यसले मानवीय रचनाशीलता, सहानुभूति र जटिल निर्णय-क्षमता प्रतिस्थापन गर्न सक्दैन । *रासस*




## पाठक मञ्च

# सर्वोच्चको फैसला र कांग्रेसको आगामी बाटो

नेपालको सबैभन्दा पुरानो र लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसभित्र लामो समयदेखि चल्दै आएको कानुनी र राजनीतिक अन्योललाई सर्वोच्च अदालतको पछिल्लो फैसलाले एउटा किनारा लगाइदिएको छ । न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले गगन थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले दिएको आधिकारिकता सदर गर्नु केवल एउटा गुटको जितमात्र नभई, पार्टीभित्रको आन्तरिक लोकतन्त्र र विधिको शासनको परीक्षण पनि हो ।

हुन त पार्टीभित्रको विवाद अदालतसम्म पुग्नु आफैंमा दुखद पक्ष थियो । तर, विशेष महाधिवेशनको वैधानिकतामाथि उठेको प्रश्नमा सर्वोच्चले जुन स्पष्टता दिएको छ, यसले अब कांग्रेसलाई अन्योलको बन्दी बनिरहनबाट मुक्त गरेको छ । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर र विधानसम्मत प्रक्रियाबाट आएको नेतृत्वलाई स्वीकार गर्नु नै अबको उत्तम विकल्प हो ।

यस सन्दर्भमा, पूर्वसभापति शेरबहादुर देउवापक्षलाई मेरो विनम्र सुझाव छ- अब इगो र गुटगत अडान त्यागेर सर्वोच्च अदालतको फैसलालाई सहर्ष स्वीकार गर्दै अगाडि बढ्नुहोस् । पार्टीमा दशकौं नेतृत्व गर्नुभएका देउवा र उहाँको समूहका लागि यो घडी धैर्य र अभिभावकीय भूमिका प्रदर्शन गर्ने समय हो । लोकतन्त्रमा विधिको शासन र बहुमतको कदर गर्नु नै राजनीतिक संस्कार हो । अदालतको फैसलापछि पनि पूरक रिट वा नयाँ विवाद सिर्जना गरिरहनुले न देउवापक्षलाई फाइदा पुग्छ, न त कांग्रेसलाई नै बलियो बनाउँछ । बरु, यसले आम कार्यकर्तामा निराशामात्र भर्ने छ ।

अर्कोतर्फ, अदालतबाट वैधानिकता पाएको गगन थापापक्षको काँधमा झन् ठूलो जिम्मेवारी थपिएको छ । नेतृत्वको वैधानिकता पुष्टि हुनु एउटा पाटो हो भने पार्टीलाई भावनात्मकरूपमा एकताबद्ध राख्नु अर्को महत्त्वपूर्ण चुनौती हो । गगनपक्षले अब 'विजेता'को दम्भ देखाउनु हुँदैन । पार्टीको १५औं महाधिवेशन नजिकिँदै गर्दा, देउवापक्षका नेता तथा कार्यकर्ताहरूलाई पनि उचित सम्मान र जिम्मेवारी दिएर सँगै लैजाने उदारता थापा नेतृत्वले देखाउनुपर्छ ।

नेपाली कांग्रेस कमजोर हुँदा मुलुकको समग्र लोकतान्त्रिक प्रक्रिया नै धर्मराउने इतिहास साक्षी छ । त्यसैले, अबको प्राथमिकता गुटको व्यवस्थापन होइन, आगामी निर्वाचन र देशको विकास हुनुपर्छ । नयाँ नेतृत्वले पार्टीलाई आधुनिक, प्रविधिमैत्री र विचार प्रधान बनाउँदै गर्दा पुराना नेताहरूको अनुभवलाई पनि अपमानित गर्नु हुँदैन ।

अन्त्यमा, कांग्रेसभित्रको यो शक्ति संघर्ष अब वैचारिक बहसमा रूपान्तरण हुनुपर्छ । अदालतको फैसलाले कानुनी ढोका खोलेको छ भने राजनीतिक एकताका लागि नेताहरूको इच्छाशक्तिले मात्र ढोका खोल्न सक्छ । गगन थापाले एकताको सूत्रधार बन्ने र शेरबहादुर देउवाले मार्गप्रशस्त गर्ने अभिभावक बन्ने साहस देखाएमात्रै कांग्रेसको भविष्य उज्ज्वल हुने छ ।

- **नवराज भट्टराई** मन्थली, रामेछाप



भारतको मुम्बईबाट लगभग ६१ किलोमिटर (३८ माइल) टाढा रहेको रावे गाउँमा स्थानीय देवी राईबा देवीको सम्मानमा शताब्दीऔं पुरानो वार्षिक परम्पराअनुसार देवकाठी भनिने बाँसका खम्बाहरू उठाउने प्रतिस्पर्धामा कृषि–कोली समुदायका मानिसहरू । *तस्बिरः एपी*

# पाकिस्तानी सेना प्रमुखको तीनदिने इरान भ्रमण सम्पन्न

**इस्लामावाद, पाकिस्तान–** पाकिस्तानका सेना प्रमुखले मध्यपूर्व युद्ध अन्त्य गर्ने प्रयासस्वरूप इरानका शीर्ष नेता र वार्ताकारहरूसँग भेट गर्दै शनिबार तेहरानको भ्रमण गरेका छन् ।

पाकिस्तानी सेनाका कमाण्डर फिल्ड मार्शल असिम मुनिरले इरानका राष्ट्रपति, विदेशमन्त्री, सभामुख र इरानको केन्द्रीय सैन्य कमाण्डका प्रमुखसँग भेटवार्ता गरेका छन् । आगामी दिनहरूमा इस्लामावादमा अपेक्षित अमेरिका-इरान वार्ताको अगाडि भएको भ्रमणले मध्यपूर्वमा शान्ति, स्थिरता र समृद्धिलाई बढावा दिन पाकिस्तानको मध्यस्थतामा 'समाधानको सहजीकरणका लागि दृढ संकल्प' देखाएको पाकिस्तानी सेनाले जनाएको छ ।

संसद्का सभामुख मोहम्मद बाघर गालिबाफ र विदेशमन्त्री अब्बास अराघचीको नेतृत्वमा गत हप्ता संयुक्त राज्य अमेरिकासँग शान्ति वार्ताका लागि इरानी प्रतिनिधिमण्डल इस्लामावाद गएको थियो । पहिलो चरणको वार्ता कुनै सम्झौताविना नै समाप्त भएपछि देखिएको अन्योलताको अवस्थामा भएको भ्रमणले थप



वार्ताका लागि कूटनीतिक प्रयासलाई जारी राखिनुपर्नेमा जोड दिएको थियो ।

पछिल्ला केही दिनमा पाकिस्तानका प्रधानमन्त्रीले शान्ति प्रक्रियालाई अगाडि बढाउन साउदी अरब, कतार र टर्कीको भ्रमण गरेका छन् । उनीहरूको पहलले आगामी हप्ता इस्लामावादमा दोस्रो चरणको वार्ता हुने सम्भावना बढेको छ । तेहरानमा फिल्ड मार्शल मुनिरले कूटनीतिक वार्ताका माध्यमबाट वार्ता, तनाव न्यूनीकरण र थाँती रहेका मुद्दाहरूको शान्तिपूर्ण समाधानको आवश्यकतामा जोड दिएका थिए । *रासस/एएफपी*

# रूसी तेल खरिदमा अमेरिकाले लगाएको प्रतिबन्ध फुकुवा थप बिस्तार

**वासिङ्टन–** अमेरिकी ट्रम्प प्रशासनले एक महिना लामो प्रतिबन्धमा छुट जारी गर्दै समुद्रमा रहेका रुसी तेल र पेट्रोलियम पदार्थको बिक्रीलाई अनुमति दिने निर्णयलाई शुक्रबार थप बिस्तार गरेको छ । ट्रेजरी डिपार्टमेन्टले जारी गरेको इजाजतपत्र ट्रेजरी सेक्रेटरी स्कट बेसेन्टले वासिङ्टनले रुसी तेल र पेट्रोलियम पदार्थको बिक्रीका लागि छुट नवीकरण नगर्ने बताएको दुई दिनपछि आएको हो ।

अमेरिकी प्रशासनको पछिल्लो निर्णयले शुक्रबारसम्म कुनै पनि जहाजमा लोड गरिएको रूसबाट अन्य मुलुक जाने तेल र पेट्रोलियम उत्पादनहरूको खरिदका लागि अनुमति दिन्छ । यसले यस पहिले अप्रिल ११ सम्मका लागि प्रतिबन्धलाई खुकुलो बनाउने अमेरिकाको योभन्दा पहिलेको निर्णयलाई लम्ब्याएको छ ।

बुधबार बेसेन्टले पत्रकारहरूसँग संयुक्त राज्य अमेरिकाले रूसी तेल वा इरानी तेलका लागि यस्तो छुटलाई विस्तार नगर्ने बताएका थिए । दुवै निर्णयको उद्देश्य इरानविरुद्ध अमेरिका-इजरायल युद्धबाट विश्वव्यापी आपूर्तिको झट्कालाई कम गर्नु थियो ।

तेहरानले आक्रमणको प्रतिकार गर्दै ऊर्जा ढुवानीका लागि एक प्रमुख जलमार्ग हर्मुज घाँटीलाई पनि प्रभावकारीरूपमा बन्द गरेर आक्रमणको विरोध जनाउँदै आएको छ । हर्मुजमा आवतजावतमा इरानले गरेको कडाइका कारण विश्वव्यापीरूपमा तेलको मूल्य बढेको छ, जसले इन्धनका लागि विशेषगरी यस क्षेत्रबाट ऊर्जा निर्यातमा निर्भर ती देशहरूलाई समस्यामा पारेको छ । यो अवधिमा अमेरिकी पेट्रोलको मूल्य पनि बढेको छ, जसले यस वर्षको प्रमुख मध्यावधि



चुनावको अगाडि अमेरिकी नागरिकहरूको जनजीवनलाई समेत प्रभावित गरेको छ ।

यस्तो छुटले रूसलाई युक्रेनविरुद्धको युद्धका लागि आवश्यक तेलको राजस्वबाट वञ्चित गर्ने प्रयासलाई जटिल बनाउन सक्छ । अमेरिकी वर्तमान प्रशासनको निर्णयको विरोध गर्दै अमेरिकी सिनेटका डेमोक्र्याट सदस्यहरू ज्यान साहिन, चक सुमर र एलिजावेथ वारेनले संयुक्त विज्ञप्ति जारी गरी निर्णयलाई 'लज्जास्पद' भनेका छन् । अमेरिकी संसद्का सदस्यहरूले भने, 'यो निर्णय लज्जास्पद छ र यो सेक्रेटरी बेसेन्टले रूसलाई प्रतिबन्ध राहत नदिने प्रतिबद्धता व्यक्त गरेको दुई दिनपछि आएको सतप्रतिशत उल्टो निर्णय हो ।'

'कुनै गल्ती नगर्नुहोस्, राष्ट्रपति ट्रम्पको इरानविरूद्ध युद्धको सबैभन्दा ठूलो लाभग्राहीमध्ये पुटिन एक हुनुभएको छ किनकि रूसले मार्चमा तेलको राजस्व लगभग दोब्बर देखेको थियो,' उनीहरूले थपे ।

यसै हप्ता वासिङ्टनमा भएको विश्वका शक्तिशाली सात अर्थतन्त्रहरूको समूह (जी-७) का अर्थमन्त्रीको बैठकपछि फ्रान्सका अर्थमन्त्री रोलाण्ड लेस्क्युरले 'इरानमा जे भइरहेको छ, त्यसबाट रुसले फाइदा लिनु हुँदैन' भन्ने कुरामा जोड दिएका थिए । उनले युक्रेनलाई 'संपार्श्विक क्षति' पनि नहुने बताए ।

सन् २०२२ मा युक्रेनमा सुरु भएको रुसको आक्रमण दोस्रो विश्वयुद्धपछि युरोपमा सबैभन्दा घातक द्वन्द्व बनेको छ भने अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणले विश्वव्यापीरूपमा इन्धनको मूल्य बढाएको छ । *रासस/एएफपी*

# नाइजेरियामा अपहरणमा परेका पीडितहरूको उद्धार

**जोस (नाइजेरिया)–** नाइजेरियाको मध्य बेन्यु राज्यमा बुधबार अपहरणमा परेका १४ जनामध्ये धेरैलाई उद्धार गरिएको स्थानीय प्रहरीले जनाएको छ ।

नाइजेरियामा उत्तरी भागमा फिरौतीका लागि अपहरणजन्य घटनाहरू बढेका छन् भने लामो समयदेखि देशले यस्ता आक्रमणको निरन्तर सामना गरिरहेको छ । यस्ता आक्रमणहरू आपराधिक गिरोहहरू र जिहादीहरूद्वारा गर्ने गरिएको जनाइएको छ ।

बेन्यु राज्यमा मुस्लिम फुलानी गोठालाहरू र मुख्यतया इसाई किसानहरूबीच भूमि र प्राकृतिक स्रोतलाई लिएर नियमितरूपमा तनावको सामना गर्नुपरेको छ । प्रहरी र अन्य सुरक्षा निकायहरूद्वारा सञ्चालित संयुक्त सुरक्षा कारबाहीमा, कार्यकर्ताहरूले आमला वन र छेउछाउका क्षेत्रहरूमा लक्षित खोजी र उद्धार अभियान सञ्चालन गरिरहेका बेन्यु राज्य प्रहरी प्रवक्ता उडेमे एडेटले विज्ञप्तिमार्फत जनाएका छन् ।

अपरेसनले केही पीडितहरूको सफल उद्धार गरी हाल चिकित्सा उपचारमा रहेको जनाइएको छ । प्रवक्ताले उद्धार गरिएका व्यक्तिहरूको संख्या निर्दिष्ट नगरी सात जना संदिग्धलाई पनि पक्राउ गरिएको बताएका छन् । अपहरण गरिएका व्यक्तिहरू मकुर्दी सहर जाने बसका यात्रुहरू रहेको प्रहरीले पुष्टि पारेको छ । *रासस/एएफपी*

# सम्झौता नभएसम्म इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी जारी रहन्छः *ट्रम्प*

**अबर्ड एयर फोर्स (अमेरिका)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँग शान्ति सम्झौतामा नभएसम्म इरानी बन्दरगाहहरूमा अमेरिकी नाकाबन्दी कायम राख्ने योजना बनाएको बताएका छन् । इजरायल र लेबनानबीचको युद्धविराम सम्झौतापछि इरानले शुक्रबार स्ट्रेट अफ हर्मुज पुनः खोलेको छ, यद्यपि तेहरानले अमेरिकी नाकाबन्दी जारी रहेमा हर्मुज जलमार्ग फेरि बन्द गर्ने धम्की दिएको छ । तेहरान र वासिङ्टनबीच यसअघि भएको युद्धविराम बुधबार समाप्त हुने भएको छ ।

युद्धविराम विस्तार हुन्छ कि हुँदैन भनेर सोधिएको प्रश्नमा ट्रम्पले पत्रकारहरूलाई युद्धविराम विस्तार नगर्ने तर नाकाबन्दी जारी राख्ने बताएका हुन् । यसअघि पाकिस्तानमा भएको वार्तामा अमेरिका र इरानका मागहरूबीच मुख्य भिन्नता भएका कारण सहमतिमा पुग्न असफल भएका छन् । ट्रम्पले पत्रकारहरूलाई इरानले स्ट्रेट अफ हर्मुजहुँदै जाने जहाजहरूमा कुनै शुल्क नलगाउने बताएका छन् । सामाजिक सञ्जाल ट्रुथमा उनले हर्मुज खोल्दा चिनियाँ राष्ट्रपति सी चिनफिङ धेरै खुसी भएको बताएका छन् ।



आमामी मे महिनामा बेइजिङमा आयोजना गरिएको शिखर सम्मेलनलाई उल्लेख गर्दै ट्रम्पले चीनमा आफ्ना समकक्षी सीसँग विशेष र ऐतिहासिक भेटघाट हुने बताएका छन् । फेब्रुअरी २८ देखि सुरु भएको युद्ध अन्त्य गर्ने योजनाअन्तर्गत तेहरानले इरानमा भण्डार गरिएको युरेनियम संयुक्त राज्य अमेरिकालाई हस्तान्तरण गर्नुपर्ने कुरामा पनि ट्रम्पले जोड दिएका छन् । यसअघि इरानको विदेश मन्त्रालयले आफ्नो युरेनियम कतै पनि हस्तान्तरण नगर्ने बताएको थियो । *रासस/एएफपी*

# सुकीलाई तत्काल रिहा गर्न आग्रह

**जेनेभा–** संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर तुर्कले जेलमा रहेकी म्यानमाकी प्रजातन्त्रवादी नेता आङ सान सुकीलाई तत्काल र विनासर्त रिहाइको माग गरेका छन् । नेतृ सुकीको सजाय शुक्रबार घटाएपछि तुर्कको यो भनाइ आएको हो ।

एक दशक लामो प्रजातान्त्रिक प्रयोगले नागरिक राजनीतिज्ञहरूलाई अस्थायी नियन्त्रण दिनुअघि स्वतन्त्रतापछिको इतिहासमा लगभग सबै समय सेनाले बलपूर्वक शासन गर्दै आएको छ । सैनिक जनरलहरूले सन् २०२१ मा भएको 'कू' मा ८० वर्षीया सुकीको सरकारलाई अपदस्थ गरी सत्ता फिर्ता लिएका थिए ।

'सेनाले 'कू' पछि अन्यायपूर्णरूपमा हिरासतमा लिइएका सबै स्टेट काउन्सिलर आङ सान सुकीसहित नेताहरू तत्काल र विनासर्त रिहा गरिनुपर्छ,' उनले एक्समा भनेका छन्, 'म्यानमाका सबै जनताविरुद्ध निरन्तर हिंसाको अन्त्य हुनुपर्छ ।'

सुकीलाई आममाफीको एक हिस्साका रूपमा शुक्रबार उनको सजाय घटाइएको उनको मुद्दा निकट स्रोतले एएफपी समाचार समितिलाई बताएको छ ।



म्यानमारका पूर्वराष्ट्रपति विन मिन्टलाई पनि सैन्य शासनपछि दोषी ठहर गरिएको एक विज्ञप्तिमा उल्लेख छ । तुर्कले भने, 'मिन्ट र अन्य कैदीहरूको हिरासतबाट भएको रिहाइबाट विपक्षीहरूले लामो समयपछि राहत पाएका छन् ।'

मिन्टले सन् २०१८ देखि राष्ट्रपतिका रूपमा सेवा गरेका थिए तर 'कू' पछि उनलाई जेल चलान गरिएको थियो । नोबेल शान्ति पुरस्कार विजेता नेतृ सुकी अझै पनि हिरासतमा रहेकी छन् तर उनको २७ वर्षको सजाय कटौती गरिएको छ । *रासस/एएफपी*

# राष्ट्रसंघद्वारा हर्मुज जलक्षेत्र पुनः खोल्ने इरानी घोषणाको स्वागत

न्युयोर्क- संयुक्त राष्ट्रसंघले हर्मुज जल क्षेत्र खोल्ने इरानी घोषणाको स्वागत गरेको जनाइएको छ । घोषणाअनुसार संयुक्त राज्य अमेरिकासँग तथ भएको युद्धविराम अवधिभर सबै व्यावसायिक जहाजहरूका लागि हर्मुज जलक्षेत्र पूर्णरूपमा खुल्ने छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले विज्ञप्ति जारी गर्दै हर्मुज खोल्ने घोषणा सही कदम भन्दै यसको स्वागत गरेका छन् ।

उनले संयुक्त राष्ट्रसंघको अडान स्पष्ट रहेको बताउँदै हर्मुजमा अन्तर्राष्ट्रिय जहाजको अधिकार र स्वतन्त्रतालगायतका सबै पक्षहरू पूर्णरूपमा पुनर्स्थापित र सम्मान गर्नुपर्ने बताएका छन् । उनले यी युद्धविरामको आशा व्यक्त गर्दै यो कदमले द्वन्द्वरत पक्षहरूबीच विश्वास निर्माण गर्न र पाकिस्तानको मध्यस्थतामा स्थायी युद्धविरामका लागि जारी वार्तालाई बलियो बनाउन योगदान पुग्ने बताएका छन् ।

संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफेन डुजारिकले मध्यपूर्वमा हालको द्वन्द्व समाधान गर्न शान्तिपूर्ण बाटो खोज्ने कूटनीतिक प्रयासहरूलाई पूर्णरूपमा समर्थन गर्ने महासचिवको प्रतिबद्धता पुष्टि गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि नै व्यावसायिक ढुवानीका लागि हर्मुज पूर्णरूपमा खोल्ने इरानी घोषणाको स्वागत गरेका थिए । रासस/क्युएनए

## आंशिक रुपमा खुल्यो इरानी हवाई क्षेत्र

तेहरान- इरानले आफ्नो आंशिक हवाई क्षेत्र र केही एयरपोर्टहरू शनिबारदेखि आंशिकरूपमा पुनः खोलेको इरानी नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

इरानको पूर्वी क्षेत्रको हवाई क्षेत्र, केही एयरपोर्टहरू र हवाई मार्गहरू अन्तर्राष्ट्रिय उडानहरूका लागि पुनः खोलिएको प्राधिकरणले विज्ञप्ति जारी गर्दै पुष्टि गरेको छ । देशको सैन्य र नागरिक अधिकारीहरूले प्राविधिक र परिचालन तयारी पूरा गरेपछि इरानी एयरपोर्टहरूमा उडान सञ्चालन बिस्तारै सामान्य हुने जनाइएको छ ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले संयुक्त आक्रमण गरेपछि इरानले आफ्नो हवाई क्षेत्र बन्द गरेको थियो । *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा बाढीका कारण ७३ हजारभन्दा बढी प्रभावित



**काबुल (अफगानिस्तान)-** अफगानिस्तानका ३१ प्रान्तमा यसअघि लगातार १२ दिनसम्म आएको बाढीका कारण ७३ हजारभन्दा बढी मानिस प्रभावित भएको संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए) ललाई उद्धृत गर्दै शनिबार टोलो न्युजले जनाएको छ ।

युएनएफपिएको रिपोर्टका अनुसार बाढीले अफगानिस्तानका विभिन्न स्थानमा क्षति पुऱ्याएको छ भने हजारौं घर, कृषि जग्गा र सडकलगायत प्रमुख पूर्वाधारहरू ध्वस्त पारेको छ । विस्थापित परिवारहरू, विशेषगरी महिला तथा बालबालिकाहरूले स्वास्थ्य सेवाहरूको पहुँचमा गम्भीर चुनौतीहरूको सामना गरिरहेका छन् । उनीहरूलाई तत्काल खाना, आश्रय र मनोसामाजिक सहयोग अत्यावश्यक भएको जनाइएको छ ।

मानवअधिकारवादी संस्थाहरूले बढ्दो आवश्यकताहरू सम्बोधन गर्न र जीवन अवस्था थप बिग्रन रोक्न सहयोग बढाउन आह्वान गरेका छन् । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९९८०० | प्रति तोला – ० | प्रति तोला – ५१३० |



बेत बाँस | कैलालीको टीकापुर-७ स्थित सत्ती कर्णाली सामुदायिक वनले सक्तलन गरेको बेत बाँस। वनले वर्षेनी लाखौँको बेत बाँस सक्तलन गरेर बिक्री गर्दै आएको छ।

*तस्बिर : झलनाथ खनाल/रासस*

## जुम्लामा पुँजीगत खर्च २९ प्रतिशतमा सीमित

■ प्रभाव संवाददाता

**जुम्ला** – जुम्लामा चालु आर्थिक वर्ष २०८२/०८३ को नौ महिनामा कुल बजेटको पुँजीगत खर्च २९ दशमलव २८ प्रतिशत मात्रै खर्च भएको छ।

चालु आवका लागि संघीय सरकारबाट जिल्लामा पुँजीगत बजेट रु एक अर्ब ९४ करोड १९ लाख १० हजार विनियोजित भएकामध्ये साउनदेखि चैतसम्म ५६ करोड ८५ लाख १९ हजार अर्थात् २९ दशमलव २८ प्रतिशत विकास बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मन्जित अछामीले जानकारी दिए।

चालु आवका लागि यहाँका आठ स्थानीय तहसहित जिल्लाका ३६ वटा सङ्घीय सरकार मातहतका कार्यालयका लागि चालु र पुँजीगत गरी रु सात अर्ब ३१ करोड ५२ लाख २९ हजार बजेट विनियोजित भएको छ। कुल बजेटको चालु आवको चैत मसान्तसम्म चालुतर्फ रु तीन अर्ब ५३ करोड ९२ लाख ५४ हजार अर्थात् ६५ दशमलव ८७ प्रतिशत खर्च भएको कोष नियन्त्रक अछामीको भनाइ छ।

कुल बजेटको चालु र पुँजीगत गरी चालु आवको नौ महिनामा रु चार अर्ब १० करोड ७७ लाख ७३ हजार, अर्थात् ५६ दशमलव १५ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक अछामीले बताए।

संघीय सरकारले जिल्लाको विकासका लागि विनियोजित बजेटमध्ये सबैभन्दा बढी पुँजीगततर्फ सघन सहरी तथा भवन आयोजना जुम्लालाई रु ८० करोड ९५ लाख ४७ हजार विनियोजित बजेटमध्ये चालु आवको चैतसम्म रु १९ करोड ६८ लाख पाँच हजार अर्थात् २३ दशमलव ५५ प्रतिशत मात्र खर्च भएको छ।

यसैगरी, सडक डिभिजन कार्यालय जुम्लाका लागि पुँजीगततर्फ रु ७४ करोड ३६ लाख १९ हजार विनियोजित बजेटमध्ये सोही अवधिमा रु १८ करोड ३८ लाख ९४ हजार अर्थात् २४ दशमलव ७३ प्रतिशत मात्र विकास बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाले जनाएको छ।

गत आव २०८१/८२ मा जुम्लामा पुँजीगततर्फ रु तीन अर्ब पाँच करोड ११ लाख २७ हजार विनियोजित रकममध्ये रु दुई अर्ब आठ करोड १९ लाख ८५ हजार अर्थात् ६७ दशमलव ९१ प्रतिशत मात्र विकास बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाले जनाएको छ। यहाँका दुई वटा ठूला विकासे कार्यालय सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन आयोजना जुम्लाको विकास बजेट खर्चको अवस्था अत्यन्तै निराशाजनक देखिएको छ।

सडक डिभिजन कार्यालयको कार्य क्षेत्र जुम्लालगायत कालीकाट र मुगु रहेको छ। सघन सहरी तथा भवन आयोजना जुम्लाबाट माथिल्लो कर्णालीका जुम्ला, कालीकोट, मुगु, हुम्ला र डोल्पा गरी पाँच जिल्ला हेर्ने गरेको छ।

## गुल्मीमा सातामा चारपटक हवाई सेवा सञ्चालन

■ प्रभाव संवाददाता



**गुल्मी**– गुल्मीको रेसुंगा विमानस्थलबाट शनिबारदेखि सातामा चार पटक हवाई उडान सञ्चालन हुने भएका छन्। नेपाल वायुसेवा निगमले काठमाडौँबाट गुल्मीका लागि आइतबार, मंगलबार, बिहीबार र शनिबार उडान भर्ने तालिका सार्वजनिक गरेको हो।

यसअघि आइतबार, मंगलबार र बिहीबार उडान सञ्चालन हुँदै आएको थियो। नेपाल वायुसेवा निगमका आन्तरिक उडानतर्फ रहेका ट्विनअटर जहाजको मर्मतसम्भार गरेसँगै उडान तालिका थप गरिएको रेसुंगाका स्टेसनका प्रमुख सुमन थापाले जानकारी दिए। उनका अनुसार निगमको उडान तालिका थप भएसँगै भाडादरसमेत वृद्धि भएको छ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै रेसुंगा-काठमाडौँको हवाई उडानको भाडादरमा वृद्धि भएको स्टेसन प्रमुख थापाले बताए। नयाँ लागू गरिएको भाडादर अनुसार काठमाडौँबाट रेसुंगाका लागि रु १० हजार ९०२ र रेसुंगाबाट काठमाडौँका लागि रु १० हजार ७०२ निर्धारण गरिएको उनले जानकारी दिए। निगमले यसअघि काठमाडौँबाट रेसुंगाका लागि रु सात हजार ५०० र गुल्मीबाट काठमाडौँका लागि रु सात हजार ३०० भाडादर निर्धारण गरेको थियो।

विगतमा यात्रुहरूको अत्यधिक घुइँचो हुने गरेको रेसुंगा विमानस्थलमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै भाडादरमा रु तीन हजार ४०२ मूल्य वृद्धि गरिएको स्टेसन प्रमुख थापाले जानकारी दिए। उनका अनुसार निगमले आन्तरिक उडानतर्फ ट्विनअटर जहाजले सेवा दिइरहेको छ।

वर्षाको समय र प्रतिकूल मौसमका कारणबाहेक पछिल्लो पाँच महिनादेखि गुल्मीको रेसुंगा विमानस्थलमा नियमित रूपमा हवाई सेवा सञ्चालन हुँदै आएको छ। नेपाल वायुसेवा निगमद्वारा १८ सिट क्षमताको ट्विनअटर जहाजबाट काठमाडौं-रेसुंगा सेवा सञ्चालन हुँदै आएको छ।

काठमाडौँबाट आइतबार बिहान ८:०५ बजे र रेसुंगाबाट बिहान ९:०५ बजे र मंगलबार, बिहीबार र शनिबार काठमाडौँबाट बिहान ६:१५ बजे र रेसुंगा विमानस्थलबाट काठमाडौँका लागि बिहान ७:१५ बजे उडान हुने स्टेसन प्रमुख थापाले जानकारी दिए। दिउँसोको समयमा हावाको चाप बढी हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमा मात्र उडान भर्ने गरिएको उनको भनाइ छ।

गुल्मीमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा पनि वृद्धि हुँदै गएको छ। करिब १६ देखि १८ घण्टाको लामो स्थलमार्गबाट यात्रा गरेर राजधानी पुग्नुपर्ने बाध्यता हटेको यात्रुहरू बताउँछन्। सेवा सुरु भएपछि हवाईमार्गबाट ४५ देखि ५० मिनेटमा गुल्मीबाट राजधानी आवतजावत गर्न सकिन्छ। गुल्मीमा नेपाल वायुसेवा निगमले विसं २०८० वैशाख २९ गतेदेखि व्यावसायिक रूपमा हवाई उडान सुरु गरेको थियो।

## 'पर्यटन प्रवर्द्धनमा रैथाने खानाको योगदान'

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपालको पर्यटन प्रवर्द्धनमा रैथाने खानाको महत्त्वपूर्ण योगदान रहेको बताइएको छ। ग्लोरी मिडिया र न्यूज लाइन्स मिडियाले शनिबार आयोजना गरेको 'रैथाने खाना प्रवर्द्धन तथा सञ्चारकर्मी प्राकृतिक भोजन' कार्यक्रमका वक्ताहरूले नेपालको रैथाने खानामार्फत पर्यटन प्रवर्द्धनमा सञ्चारकर्मीको महत्वपूर्ण योगदान रहेको बताएका हुन्। कार्यक्रममा अन्तरराष्ट्रिय चेम्बर अफ कमर्स नेपाल शाखाका अध्यक्ष राजेशकाजी श्रेष्ठले नेपालको पर्यटन प्रवर्द्धनमा स्थानीय खानाको महत्त्वपूर्ण भूमिका रहेको बताए।

'नेपाली रैथाने खानालाई सही ढङ्गले 'ब्रान्डिङ' गर्न सकियो भने यसले अन्तरराष्ट्रिय बजारमा ठूलो स्थान बनाउन सक्छ', उनले भने। घरदेखि होटलसम्म रैथाने खानाको प्रयोग बढाउन आवश्यक रहेको उनको भनाइ थियो।

गैरआवासीय नेपाली संघकी पूर्वअध्यक्ष रविना थापाले नेपाली रैथाने खाना मानव स्वास्थ्यका लागि लाभदायी भएको बताइन्। 'आधुनिक जीवनशैलीले ल्याएको अस्वस्थ खानाको विकल्पका रूपमा यसलाई अघि बढाउनुपर्छ', उनले भनिन्।

नेपाल चेम्बर अफ कमर्सका महानिर्देशक देवेन्द्र लामिछानेले नेपालका विभिन्न भूगोलमा आफ्नै विशेषता बोकेका खानाहरू रहेको भन्दै त्यसलाई प्रवर्द्धन गर्न सञ्चारकर्मीको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गरे। साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृत ब्रजेशकुमार झाले रैथाने खानाको प्रवर्द्धनले स्थानीय पाककला क्षेत्रलाई थप उचाइमा पुऱ्याउने बताए।

वरिष्ठ पर्यटन व्यवसायी रामप्रसाद सापकोटाले रैथाने खानाले आन्तरिक तथा बाह्य पर्यटनमा सकारात्मक प्रभाव पार्ने बताए। सोफा उत्पादक संघका अध्यक्ष तारालाल धरेलले रैथाने खानालाई व्यावसायिक रूपमा विस्तार गर्न सकिने बताए।

रैथाने खानाका अभियन्ता तिलक ढकालले रैथाने खानाले शरीरलाई आवश्यक पोषण दिनुका साथै समाजलाई स्वस्थ राख्न महत्वपूर्ण योगदान पुऱ्याउने बताए। ग्लोरी मिडियाका अध्यक्ष सरोज ओझाले रैथाने खानालाई विश्वस्तरमा चिनाउने आवश्यकता रहेको बताए। न्यूजलाइन्स मिडियाकी सम्पादक सरिता ढकालले रैथाने खाना, प्राकृतिक भोजन तथा यसको व्यावसायिक सम्भावनाबारे निरन्तर अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाइन्।

कार्यक्रममा पाककला क्षेत्रमा योगदान पुऱ्याएका सोल्टी ग्रुपका कर्पोरेट एक्जुकेटिभ सेफ युवराज पोखरेल, वरिष्ठ सेफ मोहन गजुरेल, सेफ्स एसोसिएसन नेपालका निवर्तमान अध्यक्ष रेशम लामा तामाङ र अष्ट्रेलियामा कार्यरत प्रवासी सेफ सुवास थापालाई 'पाककला गौरव सम्मान' द्वारा सम्मानित गरिएको थियो।

## सहकारीबाट आत्मनिर्भर बन्दै महिला

**दमौली (प्रस)**– यहाँको देवघाट गाउँपालिका-५ चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थाले दुग्धजन्य उत्पादन बिक्री गर्न प्रत्येक साताको एक दिन मेला सञ्चालन गर्न थालेको छ।

गाउँपालिकाको एकमात्र महिला सहकारी संस्थाको रूपमा रहेको उक्त सहकारीले सदस्य महिलाहरूको आयआर्जन र आर्थिक समृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। सोहीअनुसार सदस्यहरूद्वारा उत्पादित दुग्धजन्य वस्तु तथा कृषिउपज प्रवर्द्धन र बिक्री गर्न प्रत्येक साताको शुक्रबार मेला सञ्चालन गर्न थालेको हो। मेलामार्फत दुग्धजन्य पदार्थ बिक्री गरिने सहकारीका अध्यक्ष सावित्री न्यौपानेले बताइन्।

सहकारी संस्थाकी व्यवस्थापक संगीता ओझा भुर्तेलले मेलाका दिन दुग्धजन्य वस्तुको बिक्रीमा विशेष छुट दिइने जानकारी दिइन्। उनका अनुसार मेलामा दूध, दही, पनिर, कुल्फी, घ्यु, मोही, लस्सी, पनिर मःम, पनिर पकौडा, घ्यूमा पकाएको सेलरोटी, दही पुरी तथा स्थानीय अर्गानिक कृषिउपज वस्तुहरू बिक्री गरिन्छ।

देवघाटका महिलाहरूले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध संकलन, दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपालन, तरकारीखेती तथा सामूहिक नगदेबाली खेतीजस्ता आयआर्जनमा सदस्यहरूलाई आबद्ध गराउँदै आएको छ।

सहकारीमा हाल दैनिक ६०० लिटरभन्दा बढी दूध संकलन हुँदै आएको छ। संकलित दूधलाई आफ्नै उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको छ। सहकारीमा हाल ८१९ जना शेयर सदस्य छन्। सहकारीमा देवघाटको वडा नम्बर ५ तथा वडा नम्बर ४ र १ का महिलाहरू सदस्य छन्।

शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन्। शेयर सदस्यहरूले उत्पादन गरेको दूध सहकारीले खरिद गरी दुग्धजन्य वस्तुहरू उत्पादन गरी बिक्री गर्दै आएको छ। सहकारीको आफ्नै चक्रवर्ती डेरी उद्योगबाट उत्पादित दुग्धजन्य वस्तुहरू चितवनको नारायणगढ, भरतपुर, मुग्लिङ, हेटौंडा, कावासोती, गैँडाकोटलगायतका बजारहरूमा डेरी पसलमार्फत बिक्री हुँदै आएको छ भने सहकारीको भवनबाट पनि उल्लेख्य मात्रामा बिक्री हुँदै आएको व्यवस्थापक ओझाले बताइन्।

## माउन्ट एभरेस्ट डिस्टिलरीको 'रेड नेचर' र 'ब्ल्यू नेचर' बजारमा

■ प्रभाव संवाददाता




**काठमाडौं**– नेपाली बजारमा नयाँ वर्ष २०८३ को अवसर पारेर प्रिमियम स्पिरिट सेग्मेन्टमा नयाँ उत्पादन सार्वजनिक गरिएको छ।

माउन्ट एभरेस्ट डिस्टिलरी लिमिटेडले 'रेड नेचर' र 'ब्ल्यू नेचर' नामका नामका ४० यूपी प्रिमियम स्पिरिटहरू बजारमा ल्याउने घोषणा गरेको छ। कम्पनीका अनुसार यी उत्पादनहरू आगामी शनिबारदेखि देशभर उपलब्ध भएका छन्।

उच्च गुणस्तरलाई प्राथमिकता दिँदै तयार गरिएको यी प्रिमियम स्पिरिटहरू आधुनिक उपभोक्ताको स्वाद र रोजाइलाई ध्यानमा राखेर निर्माण गरिएको कम्पनीले जनाएको छ। आकर्षक प्याकेजिङ र सन्तुलित फ्लेभरका कारण 'रेड नेचर' र 'ब्ल्यू नेचर' ले प्रिमियम सेग्मेन्टमा नयाँ पहिचान स्थापित गर्ने विश्वास लिइएको छ।

७५० एमएल क्षमताको बोतलको एमआरपी रु. १२४० तोकिएको छ। कम्पनीका प्रतिनिधिका अनुसार उत्पादन प्रक्रियामा अन्तर्राष्ट्रिय मापदण्ड अपनाइएको छ र उपभोक्तालाई उत्कृष्ट अनुभव प्रदान गर्ने लक्ष्य राखिएको छ।

नयाँ वर्षको सन्देशसँगै 'न्यू इयर सेम सर्कल' भन्ने अवधारणालाई अघि सार्दै कम्पनीले जिम्मेवार उपभोगको सन्देश पनि प्रवाह गरेको छ। 'हामीले उपभोक्तालाई गुणस्तरीय विकल्प दिनुका साथै जिम्मेवार पिउने संस्कृतिलाई पनि प्रवर्द्धन गर्न चाहेका छौं,' कम्पनीका अधिकारीले बताएका छन्।

माउन्ट एभरेस्ट डिस्टिलरी लिमिटेडले आगामी दिनहरूमा पनि यस्तै नवीन र प्रिमियम उत्पादनहरू बजारमा ल्याउने योजना बनाएको जनाएको छ।

## जलजलामा बायो कम्पोष्ट मल उद्योग सञ्चालन

**पर्वत**– पर्वतको जलजला गाउँपालिका-४ खोलाखेतमा स्थानीयले सामूहिक रूपमा लगानी गरेर बायो कम्पोष्ट मल उद्योग सञ्चालनमा ल्याएका छन्।

उद्योगले गत बिहीबारदेखि परीक्षण उत्पादन सुरु गरेको छ। खोलाखेत गाउँका नौ जना स्थानीयले सामूहिक रूपमा रु १५ लाख लगानी गरेर स्थापना गरेको उद्योगबाट कम्पोष्ट मल तयार गर्न सुरु भएको हो। गाउँदेखि माथि रहेको जंगल छेउमा कम्पोष्ट मलका लागि आवश्यकपर्ने पूर्वाधार निर्माण गरी उद्योग सञ्चालनमा ल्याइएको बायो कम्पोष्ट मल उत्पादन समितिका अध्यक्ष ढकबहादुर जिसीले जानकारी दिए।



उनका अनुसार उत्पादित मलको सराङकोट दाजुभाइ एग्रो फर्म प्रालिमार्फत प्याकेजिङ र बिक्री वितरणको व्यवस्था मिलाइएको छ। जैविक बायो कम्पोष्ट मलमा पर्याप्तमात्रामा नाइट्रोजन, फस्फोरस, कार्बोन, पोटासियम र बिरुवाको वृद्धिका लागि आवश्यक सबै पोषक तत्व पाइने समितिका अध्यक्ष जिसीले बताए। उनले भने, 'हामीले मलको ल्याब परीक्षण गरी उत्पादनको स्वीकृति पाएका छौँ। परीक्षण उत्पादनपछि व्यावसायिक उत्पादन सुरु गर्दछौँ।' उत्पादन सुरु भएसँगै मुस्ताङबाट करिब ३० टन मलको माग आएको उहाँले बताउनुभयो। मलको प्रतिकेजी रु ४० मूल्य निर्धारण गरिएको छ। स्याउ र सुन्तलाखेतीका लागि कम्पोष्ट मल धेरै उपयोगी हुने उनको भनाइ छ।

जैविकखेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले उत्पादन गरिएको उक्त मल शतप्रतिशत प्राकृतिक रहेको उत्पादकले जानकारी दिएका छन्। कृषि उत्पादन वृद्धि माटोको उर्वराशक्ति सुधार तथा वातावरणमैत्री खेती प्रणालीलाई प्रवर्द्धन गर्ने लक्ष्यसहित बायो कम्पोष्ट मल उत्पादन थालिएको स्थानीयवासी नरबहादुर कार्कीले जानकारी दिए।

जैविक कम्पोष्ट मल विभिन्न जैविक पदार्थ जस्तै घाँस, पात, गोबर, कृषि अवशेष लगायतबाट तयार पारिएको हो। यस मलको प्रयोगले माटोको गुणस्तर सुधार गर्ने, बिरुवाको वृद्धि राम्रो बनाउने तथा रासायनिक मलको प्रयोग घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। प्रशोधन गरेर तयार पारिएको मललाई दुई केजीका दरले प्लास्टिक प्याकेटमा प्याकिङ गरेर बजारमा पुऱ्याइने उत्पादकले जनाएका छन्। उक्त मल फलफूल, तरकारी, अन्नबाली तथा बगैंचामा प्रयोग गर्न उपयोगी हुने अपेक्षा गरिएको छ।

जैविक मल प्रयोगले उत्पादन लागत घट्ने, माटोको दीर्घकालीन उर्वराशक्ति कायम रहने र वातावरणीय प्रभाव कम हुने उत्पादकको भनाइ छ। साथै स्थानीयस्तरमै उत्पादन भएको मल प्रयोग गर्न कृषकलाई आग्रह गरिएको बायो कम्पोष्ट मल उत्पादन समितिका अध्यक्ष जिसीले बताए। स्थानीय कृषकले पनि स्थानीयस्तरमै उत्पादन भएको जैविक मल उपलब्ध भएपछि खेती गर्न सहज हुने अपेक्षा गरेका छन्।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ